# युवा परिषद् बुलेटिन

(राष्ट्रिय युवा परिषदको त्रैमासिक प्रकाशन- वर्ष ३ अंक १ )

# २०७६ कात्तिक

**Nov./Dec., 2019**

# राष्ट्रिय युवा परिषद्का गतिविधिहरू

प्रकाशक :

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

## राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर

फोन १-६६३८१५२, ०१-६६३५१३३ फ्याक्सः ०१-६६३०१९३

**वेवसाइट :** www.nyc.gov.np, **इमेल :** info@nyc.gov.np

राष्ट्रिय युवा परिषद्

# युवा परिषद बुलेटिन

(राष्ट्रिय युवा परिषदको त्रैमासिक प्रकाशन- वर्ष २ अंक ३ )

२०७६ कार्तिक

**Nov./Dec., 2019**

**संरक्षक**

माननीय जगतबहादुर सुनार (विश्वकर्मा)

मन्त्री, युवा तथा खेलकुद मन्त्रालय

**प्रमुख सल्लाहकार :**

कार्यकारी उपाध्यक्ष, माधवप्रसाद ढुङ्गेल

**सल्लाहकार**

का.मु. प्रशासकीय प्रमुख, डा. बाबुराम ढुङ्गाना

**सम्पादक समिति**

संयोजक : उपसचिव, ध्रुवराज पौडेल

सदस्य : उपसचिव, देवीप्रसाद अधिकारी

सदस्य : उपसचिव, चन्द्राकुमारी थापा

सदस्य : उपसचिव, कमला ज्ञवाली

सदस्य : शा.अ. प्रेमप्रसाद त्रिपाठी

**मुद्रकः**

**फाष्ट एण्ड फाइन प्रेस**

कौशलटार, भक्तपुर

सम्पर्क : ०१–६६३९२०० (९८५११११५९१)

इमेल fastandfinepress@gmail.com

# सम्पादकीय

"सूचनाको हक नागरिकको मौलिक अधिकार,
सहज सूचना प्रवाह सार्वजनिक निकायको सरोकार"

लोक कल्याणकारी राज्यमा राज्यले जनतामा पुऱ्याउने सेवाका वारेमा सरोकारवाला समक्ष पारदर्शी रुपमा सूचना सम्प्रेषण गर्नु हरेक सेवा प्रदायक संस्थाको कर्तव्य हो । सूचना सबैको चासोको विषय हो । वर्तमान युगमा सूचनाले नै हरेक कार्यलाई मार्गनिर्देशन गरिरहेको छ । यथार्थपरक सूचना नै कुनै पनि संस्थाको दूरदृष्टि, लक्ष्य र उद्देश्यका साथै जनमुखी योजना र कार्यक्रम निर्माणको महत्त्वपूर्ण आधार हो । सही सूचना विना हचुवाको भरमा गरिएको काम गन्तव्यबिहीन र अनिश्चित बन्न जान्छ । अतः यसै पक्षलाई आत्मसात गर्दै राष्ट्रिय युवा परिषद्ले आफ्ना गतिविधिहरूलाई समय समयमा सरोकारवालाहरूसमक्ष पुऱ्याउनका लागि माथि उल्लेख गरिएका आदर्श वाक्यलाई हृदयङ्गम गर्दै नियमित प्रकाशनका रुपमा युवा परिषद बुलेटिनको माध्यमबाट यो अभियानलाई अगाडि बढाइएको छ ।

युवाको सर्वाङ्गीण विकासका लागि स्थापित यस राष्ट्रिय युवा परिषद् नेपाल भर्खरै मात्र तेस्रो वर्ष पूरा गरी चौथो वर्षमामा प्रवेश गरेको छ । गत आर्थिक वर्षमा यस परिषदले सञ्चालन गरेका युवालक्षित कार्यक्रमहरू, यसको प्रगति विवरण, समीक्षा र आगामी दिनमा गर्नुपर्ने सुधारका लागि सुझावसहितको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेश गरिसकेको छ । त्यसै गरी सूचनाको हकसम्बन्धी कानून तथा सरोकारवाला युवाको माग समेतलाई मध्यनजर गर्दै परिषद्ले त्रैमासिक रुपमा आफ्ना गतिविधिहरू नियमित प्रकाशनहरू मार्फत सम्प्रेषण गर्दै आइरहेको परिप्रेक्ष्यमा यो २०७६ कार्तिक अङ्क तपाईंहरूको हातमा आइपुगेको छ ।

यस बुलेटिनमा पनि गत अङ्कहरुमा जस्तै क्षेत्रगत र विविधतायुक्त विषयहरूलाई समेट्दै सबै प्रकृतिका पाठकवर्गको अध्ययन खुराक बन्न सकोस् भन्ने उद्देश्यले यस अङ्कमा खासगरी परिषदको चालु आव २०७६/०७७ को वार्षिका कर्यक्रम र बजेटको

राष्ट्रिय युवा परिषद्

विवरण चालु आवका प्रथम तीन महिनामा परिषदले सम्पादन गरेका कार्यक्रम तथा गतिविधिहरु, नवीनतम् सूचनाहरू, युवा सिर्जना (मावि स्तरीय खुला निबन्ध लेखन प्रतियोगिताको प्रथम स्थान हासिक गर्न सफल निबन्धको पूरुण पाठ), पाठकसमक्ष पस्कने जमर्को गरिएको छ । यसले गर्दा राष्ट्रिय युवा परिषदका गतिविधि तथा योजनका बारेमा युवा सम्बद्ध सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र आम युवा वर्गसमक्ष सूचना सम्प्रेषण हुने र यी निकायहरू बीचको सम्बन्ध थप प्रगाढ हुनुका साथै परिषदका सबै गतिविधिहरूमा सहभागिता र अपनत्वका लागि सकारात्मक वातावरण बन्ने अपेक्षा समेत राखिएको छ । अन्तमा, यस बुलेटिनका विषयवस्तु सङ्कलन, सम्पादन तथा प्रकाशनमा संलग्न सम्पादन समिति लगायत सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिंदै यसको गहन अध्ययन विश्लेषण गरी आगामि दिनमा यसमा गर्नुपर्ने आवश्यक सुधारका लागि रचनात्मक पृष्ठपोषण प्रदान गरिदिनु हुन हामी सम्पूर्ण युवा तथा पाठकवृन्दमा हार्दिक अनुरोध गर्दछौं । जय युवा

सम्पादन समिति

# विषय सूचीः


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | राष्ट्रिय युवा परिषदबाट चालु आ.व. २०७६/७७ को प्रथम तीन महिनामा सम्पादित कार्यक्रमहरुको विवरण | |
| २ | आव २०७६/०७७ को वार्षिक कार्यक्रम परिचय | |
| ३ | निबन्ध (शिक्षामा रुपान्तरण : उद्यमशिलता र नवप्रवर्तन) | |
| ४ | युवा नवप्रवर्तन केन्द्र | |
| ५ | युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ (दोस्रो संशोधन) | |
| ६ | सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ सम्बन्धी जानकारी | |
| ७ | सूचनाको स्वतःप्रकाशन सम्बन्धी विवरण | |
| ८ | | |

# राष्ट्रिय युवा परिषदबाट चालु आ.व. २०७६/७७ को प्रथम तीन महिना ( श्रावण देखि असोजसम्म) मा सम्पन्न कार्यक्रमहरू

## १) परिषदको आव २०७५/०७६ को वार्षिक कार्यक्रम समीक्षा (धुलिखेल)

राष्ट्रिय युवा परिषदको गत आव २०७५/०७६ को वार्षिक समीक्षा कार्यक्रम काभ्रे जिल्लाको धुलिखेलमा सम्पन्न भएको छ । कार्यक्रममा परिषदका कर्मचारीहरु, राष्ट्रिय युवा परिषद सदस्यहरु, सञ्चारकर्मीहरु, युवा तथा खेलकुद मन्त्रालयका सचिव लगायत कर्मचारीहरु, राष्ट्रिय युवा प्रतिभा तथा उद्यमी सञ्जालका प्रतिनिधिहरु, रिटर्नि माइग्रेन्ट नेपालका प्रतिनिधिहरु लगायत ५० जनाको सहभागिता रहेको थियो । यहाँ विशेषतः परिषदले गत आवमा सम्पादन गरेका विभिन्न कार्यक्रमहरुको प्रगति विवरण प्रस्तुत गर्नका साथै आगामी दिनमा सम्पादन गर्ने कार्यप्रक्रियाका वारेमा समेत व्यापक विचार विमर्श र पृष्ठपोषण प्राप्त भएको थयो ।त्यसै गरी चालु आव २०७६/०७७ का लागि प्राप्त वार्षिक कार्यक्रमहरुका वारेमा पनि जानकारी गराइएको थियो ।

## (२) अन्तर्राष्ट्रिय युवा दिवस २०१९ सम्पन्न

हरेक वर्ष अगष्ट १२ तारिखका दिन मनाइने अन्तर्राष्ट्रिय युवा दिवस यस वर्ष पनि युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषदको संयुक्त आयोजना र विभिन्न युवा सम्बद्ध सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंगको सहकार्यमा यहि २०७५ श्रावण २७ गते (12 August 2019) मा सम्पन्न भएको छ । थप विवरण यसप्रकार रहेको छ

अन्तराष्ट्रिय युवा दिवस २०१९ का सन्दर्भमा संयुक्त राष्ट्र संघले यस वर्षको नारा "Transforming Education" तय गरेको छ । यसलाई नेपालको सन्दर्भमा "शिक्षामा रुपान्तरण, उद्यमशिलता र नवप्रवर्तन" भनी परिभाषित गरिएको छ । यो नारा अन्तर्राष्ट्रिय रुपमा मात्र हैन नेपालको सन्दर्भमा पनि अत्यन्त सान्दर्भिक र महत्वपूर्ण रहेको छ। यसले युथभिजन २०२५ र दिगो विकासको लक्ष्य नं ४ र ८ लाई पनि सम्बोधन गरेको छ । यस नारालाई गुणास्तरीय र व्यवसायिक शिक्षाको माध्यमबाट शिक्षामा रुपान्तरण गर्ने र सोको प्रतिफल स्वरुप युवामा

उद्यमशिलताको विकास, स्वरोजगार र नवप्रवर्तनमा टेवा पुऱ्याउने राष्ट्रिय लक्ष्यसंग जोड्न सकिन्छ ।

नेपालले पनि विगत वर्षहरु देखि नै आफ्नो मौलिक नाराकासाथ अगष्ट १२ का दिन देशभर अन्तर्राष्ट्रिय युवा दिवश मनाउँदै आएको छ । यस वर्ष नेपालमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने सन्दर्भमा २०७६ श्रावण ३ गते माननीय युवा तथा खेलकुद मन्त्रीज्युको अध्यक्षतामा बसेको २०१ सदस्सीय मूल समारोह समितिको बैठकले "शिक्षामा रुपान्तरण उद्यमशिलता र नवप्रवर्तन" (Transforming education: entrepreneurship and innovation) भन्ने नेपाली नाराकासाथ सन् २०१९ अगष्ट १२ (तदनुसार वि.सं. २०७६ श्रावण २७ गते) सोमवारका दिनलाई मुख्य दिन मानी सप्ताहव्यापीरुपमा मुलुकभर भव्यतापूर्वक यो दिवश मनाउने निर्णय गरेको थियो । यस दिवसलाई केन्द्रमा मनाउने सन्दर्भमा राष्ट्रिय युवा परिषदका कार्यकारी उपाध्यक्षज्युको संयोजकत्वमा १७ सदस्यीय सचिवालयको समेत गठन गरेको थियो । सचिवालयले श्रावण २७ गते सोमवारका दिन उक्त कार्यक्रम सम्माननीय प्रधान्त्रीज्यूको प्रमुख आतिथ्यतामा विभिन्न कार्यक्रमहरुका साथ नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौंमा मनाउने निर्णय गरेबमोजिम यो कार्यक्रम सम्पन्न भएको छ ।

साथै मूल समारोह समितिले यस दिवसलाई देशव्यापी रुपमा मनाउने सन्दर्भमा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुलाई आ-आफ्नो स्थानमा नेपालले तय गरेको नारासँग सम्बन्धित रहेर विभिन्न स्थानमा मौलिकरुपमा मनाउन अनुरोध गर्ने निर्णय समेत गरेको थियो । उक्त सन्दर्भमा प्रदेश सरकार र स्थानीय सरकारलाई अनुरोध गर्न मन्त्रिपरिषद तथा प्रधानमन्त्रीको कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने निर्णय समेत गरिएको थियो ।

यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवस (२०७६ श्रावण २७ गते) लाई युवाको व्यापक सहभागिता र विभिन्न युवालक्षित रचनात्मक क्रियाकलापहरुका साथ मनाउने उद्देश्यले यस वर्ष देहायका कार्यक्रमहरु सहित यो दिवस सम्पन्न भएको छ ।

- वृहत युवा ऱ्याली तथा प्रभातफेरी ( काठमाडौं उपत्यकाका परंपरागत बाजाहरु तथा सुरक्षा निकायका व्याण्ड बाजा सहित भृकुटीमण्डप देखि शहिदगेट हुँदै कमलादीसम्म)
- युवा प्रतिभा तथा उद्यमी सम्मान कार्यक्रम (युवा तथा खेलकुद मन्त्रालयको संयोजनमा)
- युवा संवाद कार्यक्रम (नाराको मूल सारमा आधारित भएर राजनैतिक र सामाजिक क्षेत्रका युवाहरु)
- युवा उद्यमी सिर्जना स्टल प्रदर्शनी (प्रज्ञा भवनको प्राङ्गणमा श्रावण २६ र २७ गते दुई दिन)
- साँस्कृतिक कार्यक्रम (राष्ट्रिय कलाकारहरुद्वारा युवालाई उत्प्रेरणा र सकारात्मक सन्देश दिने खालको)
- वृहत रक्तदान कार्यक्रम (प्रज्ञा भवन कमलादीको प्राङ्गणमा श्रावण २७ गते विहान ८:०० बजेदेखि)
- युवा उद्यमी सम्मेलन (श्रावण २७ र २८ गते दुई दिनसम्म होटल याक एण्ड यतिमा
- सरसफाइ कार्यक्रम (वाग्मती सफाइ अभियानमा सहभागिता)
- युवा दिवसको नारामा आधारित वक्तृत्वकला तथा निबन्ध प्रतियोगिता
- रेडियो/टेलिभिजनमा युवाको अवस्था, संभावना र अवसर सम्बन्धमा परिसंवाद कार्यक्रम
- अन्तर्राष्ट्रिय युवा दिवस विशेषाङ्क ब्रोशियर प्रकाशन
- युवा तथा खेलकुद मन्त्रालयको प्रकाशन "युवा" र राष्ट्रिय युवा परिषदको वार्षिक प्रकाशन "युवा दर्पण २०७६" को विमोचन
- माथि उल्लेखित विविध गतिविधिका अतिरिक्त अन्तर्राष्ट्रिय युवा दिवसको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत युवा सम्बद्ध विभिन्न गैरसरकारी संघसंस्थाहरुले आ-आफ्नो संस्थाको संयोजनमा विविध कार्यक्रमहरुको आयोजना गरी देशव्यापी रुपमा मनाएको अवस्था समेत रहेको छ ।

**केन्द्रमा सम्पन्न मुख्य कार्यक्रमहरू :**

- मिति २०७६ श्रावण २० गते विहान ८:०० बजे होटल हार्दिक बागबजार काठमाडौंमा पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- मिति २०७६ श्रावण २२ गते श्री पद्मोदय मा.वि. पुतलीसडकको संयोजनमा अन्तर्राष्ट्रिय युवा दिवसको नारामा आधारित माध्यमिक विद्यालयस्तरीय निबन्ध प्रतियोगिता सम्पन्न भएको थियो । यसमा कूल ४० वटा विद्यालयहरु सहभागी भएका थिए । प्रतियोगितामा विजयी युवा विद्यार्थीहरुको विवरण यसप्रकार रहेको छ :

प्रथमः दुर्गा न्यौपाने - श्री पद्मोदय मा.वि. पुतलीसडक काठमाडौं ।

द्वितीय : रोजिया दाहाल - विश्वनिकेतन मा.वि. त्रिपुरेश्वर काठमाडौं ।

तृतीयः मोहन भुसाल - गोल्डेन गेट मा.वि. बानेश्वर काठमाडौं ।

त्यसैगरी मिति २०७६ श्रावण २२ गते तै श्री रत्नराज्य मा.वि. बानेश्वर काठमाडौंको संयोजनमा अन्तर्राष्ट्रिय युवा दिवसको नारामा आधारित माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको थियो । यसमा कूल ३८ वटा विद्यालयहरु सहभागी भएका थिए । प्रतियोगितामा विजयी युवा विद्यार्थीहरुको विवरण यसप्रकार रहेको छ

प्रथमः अखिल भुसाल - रित एकेडेमी काठमाडौं ।

द्वितीय : आज्ञा दाहाल - भि. एस. निकेतन मा.वि. मीनभवन काठमाडौं ।

तृतीयः सृष्टि विश्वकर्मा - विश्वनिकेतन मा.वि. त्रिपुरेश्वर काठमाडौं ।

स्मरण रहोस् सहभागी सबै विद्यालय तथा विद्यार्थीहरुले सहभागिताको प्रमाणपत्र प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीले पुरस्कार सहित प्रमाणपत्र र प्रथम हुने

दुईजनाले अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोहका अवसरमा प्रमुख अतिथिको हातबाट पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका थिए ।

- मिति २०७६ श्रावण २५ गतेका दिन राष्ट्रिय युवा परिषदको अगुवाइमा युवा सम्बद्ध विभिन्न संघसंस्था समेतको सहभागितामा वृहत वाग्मती सफाइ अभियानमा सहभागी भएको थियो ।
- मिति २०७६ श्रावण २४ गते राष्ट्रिय युवा परिषद र बुढानिलकण्ठ नगरपालिकाको सहकार्यमा शहर सफाइ अभियान सम्पन्न भएको थियो ।
- संघीय नमूना युवा संसद तथा संघीय युवाक्लब सञ्जालको आयोजनामा नेपालमा युवाको वर्तमान अवस्था, चुनौती, संभवना र अवसरका बारेमा वृहत अन्तर्क्रिया कार्यक्रम परिषदको सभाहल सानोठिमी भक्तपुरमा सम्पन्न भएको थियो ।
- युवा सम्बद्ध AYON, Youth Advocacy Nepal, JCYCN लगायतका संघसंस्थाहरुले विभिन्न युवालक्षित कार्यक्रमहरु सम्पन्न गरेका थिए ।
- मिति २०७६ साउन २७ (12 August, 2019) का दिन अन्तर्राष्ट्रिय युवा दिवस अन्तर्गतको सप्ताहव्यापी कार्यक्रमको मूल समारोहको कार्यक्रम देहायबमोजिम सम्पन्न भएको थियो :

  बिहान ७:०० बजे भृकुटीमण्डपबाट भद्रकाली, शहिद गेट, जमल, घण्टाघर नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीसम्म अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नारा अंकीत प्लेकार्ड र व्यानर सहित वृहत युवा र्‍याली तथा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको । यस र्‍यालीमा २५०० जना युवाहरुको सहभागिता रहेको थियो । यसमा माननीय युवा तथा खेलकुद मन्त्रीज्यूको अगुवाइमा परिषदका कार्यकारी उपाध्यक्षज्यू लगायतका विशिष्ट व्यक्तिहरुले वृहत युवा र्‍यालीको नेतृत्व गर्नुभएको थियो । उक्त र्‍यालीमा तीनवटै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल) का सुरक्षा कर्मीहरु व्याणडबाजा सहित काठमाडौं महानगरपालिकाको परंपरागत नौमती बाजा, धिमेबाजा तथा लाखेनाच सहितको

र्‍याली विभिन्न सरकारी तथा गैससरकारी सामाजिक संघसंस्थाहरुका युवा प्रतिनिधिहरु कलाकार स्काउट विद्यार्थीहरु राष्ट्रिय खेलकुद परिषदका खेलाडीहरु आदिको सहभागिता रहेको थियो ।

- ❖ वृहत युवा र्‍यालीपश्चात प्रभातफेरीपछि सम्माननीय कार्यवाहक प्रधानमन्त्री तथा रक्षामन्त्री इश्वर पोखरेलको प्रमुख आतिथ्यमा प्रज्ञा भवन कमलादीमा मूल समारोहको आयोजना गरिएको थियो ।
- ❖ भवनको अगाडिपट्टको वरण्डा तथा भुँइतल्ला र माथिल्लो तल्लामा युवा सिर्जना प्रदर्शनी राखिएको थियो । पहिलो तल्लामा उद्यमी प्रदर्शनी (Entrepreneurship Stalls) र माथिल्लो तल्लामा युवा वैज्ञानिकहरुको सिर्जना प्रदर्शनी (Innovation Stalls) गरी जम्मा ८९ वटा स्टलहरु राखिएका थिए । उद्यमी प्रदर्शनीमा नेपाली युवा उद्यमीहरुद्वारा नेपालमा नेपालकै कच्चा पदार्थ प्रयोग गरी आफ्नो सीप र कौशलका माध्यमबाट तयार गरिएका सामग्रीहरु राखिएका थिए भने नवप्रवर्तन प्रदर्शनीमा नेपाली युवा वैज्ञानिकहरुले तयार गरेका विभिन्न आविष्कारहरुलाई प्रदर्शनीका लागि राखिएको थियो । यसमा कम्तिमा १० हजार व्यक्तिले अवलोकन गरेका थिए ।
- ❖ प्रज्ञा भवन कमलादीको वाह्य प्राङ्गणमा वृहत रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो । जसमा कूल ४७ जना रक्तदाताले रक्तदान गर्नुभएको थियो ।

- प्रज्ञा भवन कमलादीको हलमा खचाखच भरिएको युवा विद्यार्थीहरुका माझ राष्ट्रिय धुनसंगै शुरु भएको माननीय युवा तथा खेलकुद मन्त्री तथा राष्ट्रिय युवा परिषदका अध्यक्ष श्री जगतबहादुर सुनार विश्वकर्माको अध्यक्षतामा सम्पन्न उक्त मूल समारोहको विशेष कार्यक्रम को सञ्चालन प्रशिद्ध कलाकार राजेन्द्र पोखरेल (राजा राजेन्द्र) ले गर्नुभएको थियो ।

- राष्ट्रिय गान पछि आमन्त्रित अतिथिगणलाई खादा र मालाले स्वागत गरिएको थियो ।
- आयोजक राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष श्री माधवप्रसाद ढुङ्गेलले स्वागत मन्तव्य राख्नुभएको थियो । मन्तव्यको क्रममा उहाँले राष्ट्रिय युवा परिषदले सञ्चालन गरेका युवालक्षित कार्यक्रमहरु विशेषतः युवाको सीप विकास उद्यमशिलता, स्वरोजगार तथा युवा परिचालनका क्षेत्रमा गरेका महत्वपूर्ण प्रयासहरुका वारेमा प्रष्ट पार्नुहुँदै विगत देखि मनाउँदै आइएको अन्तर्राष्ट्रिय युवा दिवसको श्रृङ्खलालाई यसवर्ष थप रचनात्मक कार्यक्रम तथा युवाको व्यापक सहभागितामा मनाइएको सन्दर्भ समेत जोड्नुभएको थियो । यसैगरी नेपाल सरकारले युवाको लागि अघि सारेका विभिन्न युवालक्षित कार्यक्रमहरुका वारेमा जानकारी दिँदै उहाँले चालु आर्थिक वर्ष २०७६/०७७ लाई नेपाल सरकारले युवा परिचालन वर्षको रुपमा घोषणा गरेकोले राष्ट्रिय युवा परिषदका संपूर्ण गतिविधि तथा अन्य युवा सम्बद्ध सरकारी तथा गैरसरकारी निकायका संपूर्ण कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा व्यापक युवा परिचालनका साथ सम्पन्न गर्नुपर्ने तर्फ सबैको ध्यानाकर्षण समेत गर्नुभएको थियो । समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय संकल्प पुरा गर्नका लागि नेपाल सरकारले अघि सारेका कार्यक्रमहरु तथा राष्ट्रिय युवा परिषदले चालु आ.व. मा अघि सारेका केही नमूना कार्यक्रमहरुका वारेमा व्याख्या गर्नुभएको थियो।
- स्वागत मन्तव्य पश्चात कार्यक्रमका प्रमुख अतिथि सम्माननीय कार्यवाहक प्रधानमन्त्री तथा माननीय उपप्रधान तथा रक्षामन्त्री इश्वर पोखरेलले पानसमा दिप प्रज्वलन गरी अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोहको समुदघाटन गर्नुभएको थियो ।

- युवा प्रतिभा सम्मान कार्यक्रम अन्तर्गत देहायका युवा/विद्यार्थी तथा प्रतिभाहरुलाई प्रमुख अतिथिका हातबाट सम्मान गरिएको थियो ।

➢ माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने श्री अखिल भुसाल लाई नगद रु. ५००० सहित प्रमाण-पत्र

➢ माध्यमिक विद्यालय स्तरीय निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने श्री दुर्गा न्यौपाने लाई नगद रु. ५००० सहित प्रमाण-पत्र

➢ युवा तथा खेलकुद मन्त्रालयबाट राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि बमोजिम आ.व. २०७५/०७६ मा छनौट हुनुभएका ११ जना युवा प्रतिभाहरुलाई जनही रु १ लाख सहित सम्मान – पत्र वितरण गरिएको थियो ।

➢ युवा प्रतिभा सम्मान पश्चात युवा तथा खेलकुद मन्त्रालयको प्रकाशन "युवा" र राष्ट्रिय युवा परिषदको वार्षिक प्रकाशन "युवा दर्पण २०७६" प्रमुख अतिथिको हातबाट विमोचन गरिएको थियो ।

- उक्त मूल समारोहमा शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा सम्मानित युवाहरुको तर्फबाट सौन्दर्यकर्मी सिर्जना सोतीले देश र समाजका लागि निःस्वार्थ सेवा गर्ने युवाहरुलाई सम्मान गरेर उत्प्रेरित गरेकोमा युवा तथा खेलकुद मन्त्रालयलाई धन्यवाद दिनुभयो । उहाँले यस सम्मानले आँफूलाइ समाज र देश प्रति थप योगदान गर्न आँफूलाई उत्प्रेरित गरेको बताउनुभयो ।
- मूल समारोह समितिको कार्यक्रमको क्रममा शुभकामना मन्तव्यको क्रम शुरु भएको थियो । यसै क्रममा युवा विकासको क्षेत्रमा क्रियाशील विभिन्न सामाजिक संघसंस्थाहरुको तर्फबाट युवा सरोकार समाजका अध्यक्ष श्री अशोक खनालले शुभकामना मन्तव्य राखुभएको थियो । यस क्रममा उहाँले नेपालमा युवाको वर्तमान अवस्थाको चित्रण गर्दै युवा उद्यमशिलता र स्वरोजगारका लागि नेपाल सरकारले चालेका कदमहरु स्वागतयोग्य रहेता पनि यो पर्याप्त नभएको, युवा उद्यमशिलताका लागि नेपाल सरकारले जारी गरेको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधिको प्रभावकारी कार्यान्वयनका

लागि बैंक तथा वित्तीय संस्थाहरु सहयोगी बन्न नसकेको, युवा पलायनलाई यथोचित रुपमा रोक्न नसकिएको कुरा उल्लेख गर्दै युवाको क्षेत्रमा सरकारले विनियोजन गरेको वार्षिक बजेट अत्यन्त न्युन रहेकोले यसमा बढोत्तरी ल्याउन जरुरी रहेको कुरा बताउनुभयो । साथै उहाँले सरकारले युवा विकासका लागि चालेका हरेक कदमहरुमा सहयोगी भूमिका खेल्न सबै सामाजिक संघसंस्थाहरु तयार रहेको कुरा समेत बताउनुभयो ।

- त्यस्तै शुभकामना मन्तव्यको क्रममा संघीय संसद एवं प्रतिनिधिसभामा शिक्षा तथा स्वास्थ्य समितिका सभापति माननीय जयपुरी घर्तीले अन्तर्राष्ट्रिय युवा दिवसका उपलक्ष्यमा सबै युवालाई हार्दिक बधाइ र शुभकामना व्यक्त गर्दै युवा विकासका लागि चालेका कदमहरु र जारी भएका दस्तावेजहरु जस्तै राष्ट्रिय युवा नीति तथा युथभिजन लगायत हरेक नीतिगत व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गर्न सबै लाग्नुपर्ने कुरा वताउनुभयो । युवा भनेको देशको उर्जा र परिवर्तनकारी शक्ति भएकोले यस वर्गको सही र प्रभावकारी परिचालनबाट मात्रै देशको परिवर्तन र समृद्धि संभव रहेको कुरा बताउनुभयो ।
- अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोहका प्रमुख अतिथि सम्माननीय कार्यवाहक प्रधानमन्त्री तथा उपप्रधान तथा रक्षमन्त्री माननीय इश्वर पोखरेलले संपूर्ण युवाहरुलाई हार्दिक बधाइ र शुभकामना दिनुहुँदै यस कार्यक्रमको भव्य आयोजनाका लागि आयोजक राष्ट्रिय युवा परिषदलाई हार्दिक धन्यवाद दिनुभयो । उहाँले युवा विकासका लागि नेपाल सरकारले शुरु गरेका विभिन्न युवालक्षित कार्यक्रमहरुका वारेमा स्मरण गराउँदै समृद्ध नेपाल र सुखी नेपाली बनाउने अभियानको व्याख्या गर्नुहुँदै यसका पाँचवटा आयामहरुका वारेमा प्रष्ट पार्नुभएको थियो । यस क्रममा कृषिको व्यवसायिकता र आधुनिकीकरण, पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन र उर्जा तथा जलश्रोतको विकास र विविधिकरणमा तथा सुशासनमा जोड दिएको कुरा बताउनुभयो । नेपाल

सरकाले अघि सारेका कार्यक्रमहरुबाट सबै युवाहरु लाभान्वित हुनुपर्ने वताउनुभयो । त्यसैगरी राष्ट्रिय युवा परिषदले अघि सारेका युवालक्षित कार्यक्रमहरुको प्रशंसा गर्दै यसको सफल कार्यान्वयनका लागि शुभकामना समेत प्रदान गर्नुभयो । साथै उहाँले चालु आ.व. मा घोषणा गरिएको युवा परिचालन वर्षलाई सफल बनाउन सबैको सहयोग आवश्यक छ भन्नुहुँदै यसमा हातेमालो गर्न सबैलाई आह्वान समेत गर्नुभएको थियो ।

- औपचारिक समारोहमा आफ्नो मन्तव्य राख्नुहुँदै अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समितिका संयोजक, राष्ट्रिय युवा परिषदका अध्यक्ष तथा माननीय युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार विश्वकर्माले युवालाई सम्बोधन गर्न पाउँदा अत्यन्त खुशी लागेको कुरा बताउनु भयो । उहाँले देशको आर्थिक विकास र सामाजिक रुपान्तरण मार्फत दिगो विकास र समृद्धिका लागि युवालाई उपयुक्त शिक्षा, सीप र काम गर्ने वातावरणको आवश्यकता रहेको कुरा बताउनु भयो । जबसम्म उपयुक्त नीति र कार्यक्रम मार्फत युवालाई स्वदेशमै रोजगारी, स्वरोजगारी र उद्यमका अवसर उपलब्ध गराउन सक्दैनौं तवसम्म युवा विदेसिने क्रममा कमी ल्याउन सम्भव छैन भन्दै युवामैत्री वातावरण निर्माण गरी युवालाई श्रम र उत्पादनसँग जोड्न सकेमात्र दिगो विकास सम्भव हुने कुरा उल्लेख गर्नुभयो । त्यसैगरी वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीपलाई हाम्रा मौलिक ज्ञान, सीप र प्रविधिसँग जोडेर उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने जुन अवसर हाम्रा सामु उपलब्ध छ त्यसको उपयोग गर्न सक्नु पर्दछ । यसैबाट मात्रै वर्तमान र भावी पुस्ताले जीविकोपार्जनका लागि अरुको भूमिमा पसिना बगाउन नपर्ने स्थिति सिर्जना हुन सक्छ भन्ने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले युवा परिचालन वर्षलाई सफलीभूत बनाउन सबै युवा वर्ग तथा सम्बद्ध निकायहरुले आ आफ्नो तर्फबाट सहयोग गर्न आग्रह पनि गर्नुभएको थियो । यस कार्यक्रममा उपस्थित प्रमुख अतिथि अतिथिगण तथा उपस्थित संपुर्ण युवालाई हार्दिक धन्यवाद दिनुभएको थियो ।

पहिलो सत्रको औपचारिक समारोह पश्चात सहभागीहरुलाई खानाको व्यवस्था गरिएको थियो ।

- दोस्रो शेसनमा राष्ट्रिय कलाकारहरुबाट साँस्कृतिक कार्यक्रम प्रस्तुत भएको थियो । यस कार्यक्रमको नेतृत्व एवं संयोजन प्रशिद्ध हास्य कलाकार राजा राजेन्द्र पोखरेलले गर्नुभएको थियो भने उहाँलाई साथ दिने अन्य कलाकारहरुमा अमृत खाती, बैकुण्ठ महत, शिव हमाल, विश्व नेपाली, सुबोध गौतम, मञ्जु पौडेल, पवन गिरी र टिका प्रसाई रहनुभएको थियो ।
- एक चरणको साँस्कृतिक कार्यक्रम पछि युवा सम्बाद सञ्चालन भएको थियो । यस युवा संवाद कार्यक्रमको सञ्चालन राष्ट्रिय युवा परिषदका सदस्य एवं त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक श्री खिमप्रसाद पन्थीले गर्नुभएको थियो । युवा संवादको प्यानलिष्टहरु यसप्रकार रहनुभएको थियो ।
  - श्री ऐन महर, संयोजक - अनेरास्ववियु
  - श्री नैनसिंह महर, निवर्तमान् सभापति - नेपाल विद्यार्थी संघ
  - श्री लेखनाथ न्यौपाने, पूर्व अध्यक्ष - अनेरास्ववियु (क्रान्तिकारी)
  - श्री माल्भिका सुब्बा, पूर्व मिश नेपाल तथा अध्यक्ष - आइडिया नेपाल
  - श्री लिला शर्मा, राष्ट्रिय युवा परिषद सदस्य

सहजकर्ताको प्रश्न अन्तर्राष्ट्रिय युवा दिवसको नारामा केन्द्रित रहेको थियो । उहाँले यस सम्बाद कार्यक्रमलाई अत्यन्त अन्तरक्रायात्मक र रमणीय पारामा सञ्चालन गर्नुभएको थियो । संवादको शुरुमा नै श्रोता वर्गको प्रश्न र उहाँहरुका विचारहरुबाट गर्नुभएको थियो । प्यानलिष्टहरुबाट देहायका विषयमा उहाँहरुका विचारहरु माग्नुभएको थियो

- ❑ शिक्षामा रुपान्तरण : उद्यमशिलता र नवप्रवर्तन मा नेपालको हालको अवस्था कस्तो रहेको पाउनुहुन्छ ? के शिक्षामा रुपान्तरण आवश्यक छ ? छ भने कसरी ?
- ❑ शिक्षामा रुपान्तरणका लागि तषाईको वा तपाई सम्बद्ध संस्थाको आधिकारिक धारणा के हो ? यसका लागि कुनै Innovative Idea छ कि ?
    - शिक्षामा रुपान्तरण र उद्यमशिलता र नवप्रवर्तनका लागि तपाइको प्रतिवद्धता के रहेको छ ? माथिका जिज्ञासाहरुका आधारित रहेर शिक्षाका विविध आयामहरु यसका जिम्मेवार पक्षहरु तथा यसको विकास र विस्तारका लागि भावि योजनाहरुका वारेमा सकारात्मक पृष्ठपोषण प्राप्त भएका थिए ।
    - शिक्षा र स्वास्थ्य जस्ता संवेदनशिल र जनताको मौलिक हकको विषयलाई राज्यको मूल र पूर्ण दायित्व भित्र रहनुपर्छ भन्ने आवाज आएको थियो ।
    - शिक्षा महंगो र सबैको पहुँचमा पुग्न नसकेको अवस्थालाई सुधार्नु आवश्यक छ भन्दै शिक्षाको निजीकरण तुरुन्त रोकिनुपर्ने धारणा पनि ज्वलन्त रुपमा मुखरित भएका थिए ।
    - शिक्षा र स्वास्थ्य सर्वसुलभ, गुणस्तरीय र सबैको पहुँचमा हुनुपर्छ भन्दै सामुदायिक विद्यालयका शिक्षक तथा नेपाल सरकारका बेतनभोगी सबै कर्मचारीका बालबालिकाहरु सामुदायिक विद्यालयमा अनिवार्य रुपमा पढाउनुपर्ने नीतिगत र कानूनी व्यवस्था गर्नुपर्ने आवाज पनि बुलन्द भएको थियो एकातिर भने अर्को तर्फ यसको छनौट गर्न पाउनुपर्ने बालबालिकाको मानवअधिकार पनि हो । यसमा कसैले बन्देज लगाउन नहुने आवाज पनि मुखरित भएका थिए ।

- संवाद कार्यक्रमको अन्त्यमा सबै प्यानलिष्टहरुका तर्फबाट शिक्षाको रुपान्तरण, उद्यमशिलता र नवप्रवर्तनका लागि हरतरहले सहयोग गर्ने प्रतिवद्धता समेत प्राप्त भएका थिए ।
- त्यसपछि पुनः साँस्कृतिक कार्यक्रम तथा हास्यव्यङ्ग्य सञ्चालन भएको थियो ।

"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै हरेक क्रियाकलापहरूमा समन्वय, सहकार्य तथा रचनात्मक सुझाव सल्लाहका साथ परिषद्लाई सक्रिय बनाउने दिशामा सहयोग गर्न युवा वर्ग, सम्पूर्ण राजनीतिक दल तथा तिनका युवा भातृ संस्थाहरू, सरकारी तथा गैरसरकारी निकायहरू, स्थानीय निकायहरू, सहयोगी मित्रराष्ट्रहरू, दातृ निकाय, विकास साझेदाहरू, शिक्षाप्रेमी, समाजसेवी, गैर आवासीय नेपाली सङ्घ, सञ्चारकर्मीहरू लगायत सम्पूर्ण नागरिक समाजलाई हार्दिक अनुरोध गर्दछौं ।

**निष्कर्ष र उपलब्धिः**

क. राष्ट्रिय युवा परिषद् र युवासम्बद्ध संघसंस्थाको वीचमा समन्वय र सहकार्यको अनुपम उदाहरण प्रस्तुत भएको ।

ख. अन्तर्राष्ट्रिय युवा दिवसलाई सबै तह र तप्का मिलेर हर्षोल्लासपूर्ण रुपमा सम्पन्न गरी नेपालीको एकता र प्रतिवद्धताको नमूना प्रस्तुत भएको ।

ग. युवामा अन्तरनिहित प्रतिभा प्रस्फुटनका साथ अनुकरणीय कार्य गर्ने प्रेरणादायी युवा व्यक्तित्वहरुलाई गरिएको सम्मानबाट अन्य युवाहरुमा समेत सकारात्मक सन्देश प्रवाह भएको ।

घ. सप्ताहव्यापी कार्यक्रम अन्तर्गत हजारौं युवा परिचालन भई युवामा स्वयमसेवी भावनाको विकास गर्न सफल भएको ।

ङ. नेपाल सरकार र राष्ट्रिय युवा परिषदबाट सञ्चालन हुने युवालक्षित कार्यक्रमहरुका वारेमा सबै युवावर्ग सुसूचित भएका ।

च. सामाजिक परिवर्तन र समृद्धिका आधार भनेका युवावर्ग हो भन्ने कुराको आम नागरिक समाजमा अनुभूति भएको ।

छ. युवा परिचालन वर्ष २०७६/०७७ को वारेमा र यसमा युवा परिचालनको मोडल र प्रक्रियाका सम्बन्धमा समेत पर्याप्त जानकारी र सूचना प्रवाह गरिएको ।

ज. युवा सिर्जनात्मक स्टल प्रदर्शनीको माध्यमबाट युवा प्रतिभा तथा उद्यमी र नवप्रवर्तनकारी युवा वैज्ञानिकहरुको **Exposure** का साथै मनोवल उच्च भएको ।

झ. वाग्मती सफाइ अभियान तथा रक्तदान जस्ता कार्यक्रमहरुको माध्यमबाट युवाहरु समाज प्रति अत्यन्त जिम्मेवार छन् भन्ने कुराको सकारात्मक धारणा विकास भएको ।

ञ. राष्ट्रिय कलाकारहरुद्वारा मनोरञ्जनात्मक गीत/प्रहसन तथा अन्य प्रस्तुतिको माध्यमबाट युवामा मनोरञ्जनका साथसाथै सन्देशमूलक सूचना प्रवाह भएको र कलाकारहरुको समेत मनोबल उच्च भएको ।

ट. युवा आँफैमा अन्तरविषयक मुद्दा (**Crosscutting issue**) भएकोले यो विषयमा नेपाल सरकारको एकल प्रयास मात्र पर्याप्त हुँदैन, तसर्थ यसमा सबैको साथ, सहयोग, समन्वय र सहकार्य आवश्यक छ भन्ने सन्देश प्रवाह भएकोले आगामी दिनमा पनि यस प्रकारको सहकार्यको संस्कृतिको विकासमा सकारात्मक वातावरण निर्माण भएको ।

**(३) परिषदको वार्षिक कार्यक्रम अभिमुखीकरण**

राष्ट्रिय युवा परिषदको आव २०७६/०७७ को वार्षिक कार्यक्रमको अभिमुखीकरण सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालयका शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुखहरुको सहभागितामा परिषदको केन्द्रीय कार्यालय सानोठिमीको सभाहलमा सम्पन्न भएको छ । यस कार्यक्रममा विशेष गरी परिषदको सिलिङ्बाट अर्थमन्त्रालय मार्फत सातवटै प्रदेशमा गएका युवालक्षित कार्यक्रमको कार्यान्वयन प्रक्रियाका वारेमा छलफल गरी कार्ययोजना समेत निर्माण गरिएको थियो ।यसै गरी परिषदले केन्द्रीय तहका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका (PIM) तयार गरेको छ । स्थानीय र प्रदेश तहका लागि कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका समेत तयार गरी छलफल

पश्चात सबै प्रदेशहरुमा वितरण गरेको थियो । कार्यक्रममा प्रदेश तहमा तय गरिएका युवालक्षित कार्यक्रमहरु र राष्ट्रिय युवा परिषदबाट पठाइएका विभिन्न १३ वटा कार्यक्रमहरु बीच समन्वय गरी कार्यान्वयनमा सहजता र एकरुपता ल्याउने बारेमा व्यापक छलफल गरिएको थियो ।

त्यसैगरी स्थानीय तहमा गएका युवालक्षीत कार्यक्रम कार्यान्वयनमा सहजताका लागि देशका विभिन्न चार स्थानहरुमा स्थानीय तहको कार्यक्रम अभिमुखीकरण सम्पन्न भएको छ । यहि २०७६ असोज ६ गतेदेखि १२ गतेसम्म सञ्चालन भएको अभिमुखीकरण क्रमशः बाँकेको कोहलपुर, रुपन्देहीको बुटवल, मकवानपुरको हेटौंडा र मोरङको विराटनगरमा सम्पन्न भएको हो ।उक्त कार्यक्रममा जिल्ला युवा समितिका अध्यक्षहरु कार्यक्रम परेका स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखहरुको सहभागिता रहेको थियो । यस कार्यक्रममा नियमित कार्यक्रमहरुको अलावा चालु आव २०७६/०७७ लाई नेपाल सरकारले युवा परिचालन वर्षको रुपमा घोषणा गरेकोले यसको प्रभावकारी कार्यन्वयनका लागि संघ प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य कसरी गर्न सकिन्छ भन्ने वारेमा छलफल हुनुका साथै नेपाल सरकारले यस सम्बन्धमा तय गरेका विभिन्न १० वटा कार्यक्रमहरुका वारेमा समेत बुँदागत छलफल भएको थियो ।

**(४) संविधान दिवस २०७६ मा परिषदको युवा सिर्जनशील झाँकीसहितको सहभागिता**

प्रत्येक वर्ष असोज ३ गते मनाइने संविधान दिवस यसपटक सप्ताहव्यापी रुपमा विभिन्न रचनात्मक कार्यक्रमहरुका साथ मनाउने संविधान दिवस मूल समारोह समितिको निर्णय बमोजिम भव्य रुपमा सम्पन्न भएको छ । यस कार्यक्रममा राष्ट्रिय युवा परिषदको तर्फबाट युवा सिर्जनशील झाँकी र युवा ऱ्यालीका साथ सार्थक सहभागिता रहेको छ ।मूल समारोह समितिको निर्देशन बमोजिम परिषदको नेतृत्वमा युवाहरुको व्यापक सहभागितामा वृहत युवा ऱ्याली तथा युवा प्रतिभा तथा उद्यमीहरुले उत्पादन गरेका सामग्री सहितको युवा सिर्जनशील झँकीको रुपमा दुइवटा गाडिमा सजाएर कार्यक्रम स्थल सैनिक मञ्च टुँडिखेलमा पुगेको थियो ।झाँकीमा विशेषतः युवा उद्यमीले सिर्जना गरेका

स्वदेशी उत्पादन तथा मौलिक परंपरागत उत्पादनलाई स्थान दिइएको थियो ।यसका साथै राष्ट्रिय युवा परिषदले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरुको झलकहरु तथा नेपालको संविधानका विशेषताहरु र युवाको तथ्याङ्क (Fact sheet) समेत समावेश गरिएको थियो ।

**(५) परिषदको PIM, Action Plan तथा विभिन्न कार्यविधि तयारी**

राष्ट्रिय युवा परिषदको वार्षिक कार्यक्रम कार्यान्वयनमा सहजताका लागि प्रत्येक कार्यक्रमका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका (Program Implementation Manual - PIM) निर्माण गरिएको छ ।यसमा कार्यक्रमगत परिचय, यसका उद्देश्यहरु, कार्यप्रक्रिया, समयावधि, जिम्मेवार निकाय वा पदाधिकारी र अनुगमन सूचकको वारेमा उल्लेख गरिएको छ ।त्यसै गरी युवा तथा खेलकुद मन्त्रालयको निर्देशन बमोजिम तोकिएको ढाँचामा हरेक कार्यक्रमको कार्यान्वयन गर्ने कार्ययोजना (Action plan) समेत तयार गरी मन्त्रालयमा पठाइएको छ । त्यस्तै आवश्यकतानुसार केही कार्यविधिहरु निर्माण गरिएका छन् भने केही यस अघि बनाइएका कार्यविधिहरुको राष्ट्रिय युवा परिषदको निर्देशन बमोजिम कार्यकारी समितिबाट अनुमोदन गरी संशोधन गरिएका छन् ।यसबाट परिषदको वार्षिक कार्यक्रमको कार्यन्वयनका लागि सहजता आउने विश्वास लिइएको छ ।

**(६) ट्राफिक स्वयंसेवक परिचालन**

नेपाल सरकारले चालु आव २०७६/०७७ लाई युवा परिचालन वर्षको रुपमा मनाउने घोषणा गरेको परिप्रेक्षमा परिषदले समाजिक कार्यमा स्वयमसेवक परिचालन अन्तर्गत काठमाडौं उपत्यकाका यात्रुहरुको बढि आवागमन हुने व्यस्त विभिन्न १६ स्थानहरुमा ट्राफिक स्वयमसेवक परिचालन गरेको छ । परिषद, उपत्यका ट्राफिक प्रहरी महाशाखा र नेपाल स्थित संयुक्त राष्ट्रसंघीय कार्यालयको संयुक्त सहकार्यमा यहि मिति २०७६ असोज ५ गतेदेखि १५ गतेसम्म ट्राफिक स्वयमसेवकको परिचालन गरिएको थियो ।विभिन्न स्थानमा खटिएका युवा स्वयमसेवकहरुलाई एक दिवसीय अनुशिक्षण दिइएको थियो । कार्यक्रममा देशका विभिन्न राष्ट्रिय कलाकारहरुको पनि समय समयमा

उपस्थिति रहेको थियो ।यस कार्यमा कूल ५०० जना युवाहरु परिचालन गरिएको थियो ।

**(७) परिषदको वार्षिक प्रतिवेदन तयारी र नेपाल सरकार समक्ष प्रस्तुत**

युवा परिषद् ऐन २०७२ को दफा २४ बमोजिम राष्ट् (२)रिय युवा परिषद्ले आर्थिक वर्ष २०७७6/5 मा सम्पादन गरेका कार्यहरूको समष्टिगत वार्षिक प्रतिवेदन तयार गरी युवा तथा खेलकुद मन्त्रालय मार्फत नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको छ ।

**(८) परिषद र गैर आवासीय नेपाली संघ कोरिया शाखा बीच द्विपक्षीय समझदारी सम्पन्न**

राष्ट्रिय युवा परिषद र गैर आवासीय नेपाली संघ कोरिया शाखाका बीचमा नेपाली युवालाई आधुनिक कृषि प्रविधि तथा व्यवसायिक तालिम प्रदान गरी क्षमता विकास तथा आधुनिक प्रविधि सम्बन्धी अनुभव आदानप्रदान गर्ने उद्देश्यले एक समझदारी पत्रमा हस्ताक्षर भएको छ । यस अन्तर्गत नेपाली युवालाई नेपालमा आधुनिक कृषि प्रविधिको वारेमा प्रशिक्षण दिन मागमा आधारित तालिम सञ्चालन गरिनेछ र यसका लागि गैर आवासीय नेपाली संघ कोरिया शाखाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछ । समझदारी पत्रमा परिषदको तर्फबाट का.मु. प्रशासकीय प्रमुख डा. बाबुराम ढुङ्गाना र गैर आवासीय नेपाली संघ कोरिया शाखाका तर्फबाट उक्त शाखाका अध्यक्ष श्री यज्ञ सुवेदीले हस्ताक्षर गर्नुभएको छ ।

**९) युवा सञ्चार रेडियो कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौता सम्पन्न**

राष्ट्रिय युवा परिषदको चालु आव २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम युवा सञ्चार रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गर्नका लागि अलग अलग दुई सम्झौता सम्पन्न भएका छन् ।कार्यक्रम निर्माणका लागि गभर्नेन्स वाच बालकोट भक्तपुरसँग र कार्यक्रम प्रशारणका लागि रेडियो नेपालसँग सम्झौता भई निरन्तर रुपमा कार्यक्रम प्रशारण भैरहेको छ ।

# राष्ट्रिय युवा परिषदको आव २०७६/०७७ को वार्षिक कार्यक्रम परिचय

## १. सामाजिक जागरण र समृद्धिका लागि युवा अभियान

नेपाल सरकारले अगाडि सारेको समृद्ध नेपाल र सुखी नेपाली तथा आ व २०७६।७७ मा घोषणा गरेको युवा परिचालन वर्षलाई सफल पार्न यो कार्यक्रम ल्याइएको हो ।यस कार्यक्रम अन्तर्गत सुशासन प्रवद्धनमा युवा, वातावरण संरक्षणमा युवा, सार्वजनिक शिक्षा सवलीकरणमा युवा, पर्यटन प्रवर्द्धनमा युवा, कृषि उत्पादनमा युवा, अन्ध विश्वास लैङ्गिक हिंसा जातीय विभेद तथा छुवाछुत विरुद्धमा युवा, उद्यमशिलता प्रवर्द्धनमा युवा, विपद् व्यवस्थापन तथा स्वयमं सेवकीय कार्यमा युवा, परम्परागत सीपको विकास तथा संरक्षणमा युवा र स्वास्थ्य तथा खेल सचेतनामा युवा गरी १० वटा कार्यक्रम समावेश भएको छ।

- ❑ कृषि उत्पादनमा युवा
- ❑ पर्यटन प्रवर्द्धनमा युवा
- ❑ सार्वजनिक शिक्षा सबलीकरणमा युवा
- ❑ वातावरण संरक्षणमा युवा
- ❑ अन्धविश्वास, लैंङ्गिक हिँसा, जातीय विभेद तथा छुवाछुत विरुद्धमा युवा
- ❑ उद्यमशिलता प्रवर्द्धनमा युवा
- ❑ सुशासन प्रवर्द्धनमा युवा
- ❑ विपद व्यवस्थापन तथा स्वयमसेवकीय कार्यमा युवा परिचालन
- ❑ परंपरागत सीपको विकास तथा संरक्षणमा युवा
- ❑ स्वास्थ्य तथा खेल सचेतनामा युवा

यस कार्यक्रमको प्रमुख उद्देश्य विभिन्न अभियानमा युवा सहभागिता वढाई देशमा सामाजिक रुपान्तरण र समृद्धी गर्नु रहेको छ।विभन्न संघ संस्थाहरु तथा संघ, प्रदेश

तथा स्थानीय तहको समन्वय र सहकार्यमा यी अभियानहरु सञ्चालन हुनेछन्। यी समग्र कार्यक्रमका लागि यस आ व मा रु ६० लाख ५० हजार वजेट विनियोजन भएको छ ।

## २.युवा क्लव गठन परिचालन प्रशिक्षक प्रशिक्षण

यो कार्यक्रम विशेषतः युवाको नेतृत्व क्षमता विकाससँग सम्बन्धित छ । यस कार्यक्रमबाट युवाले युवामैत्री नीति र कार्यक्रम निर्माणका लागि राज्यलाई सकारात्मक पृष्ठपोषण दिनुका साथै नीति पैरवी र युवा मैत्री कार्यक्रमलाई नमुना युवा संसदीय अभ्यासका माध्यमबाट सहयोग पुर्याउने कार्यको अपेक्षा राखिएको छ । आ.व. २०७४/०७५ देखि १४ वटा पालिकाहरुबाट शुरु गरिएको यो कार्यक्रम आ.व. २०७५/०७६ को अन्तसम्ममा यो कार्यक्रम ९० वटा पालिकामा विस्तार भैसकेको छ भने सातवटै प्रदेश र संघीय तहमा पनि यसको निरन्तर अभ्यास समेत भएको छ । यसका लागि युवा संसद सञ्चालन कार्यविधिलाई परिमार्जन गरी यसलाई समयसापेक्ष बनाइएको छ । सोही निर्देशिका बमोजिम देशका ९० वटा स्थानीय तहमा कूल १२१२ वटा वडामा युवाक्लब गठन गरिएको छ ।कार्यविधि बमोजिम गठित वडास्तरीय युवाक्लबका १५ सदस्सीय पदाधिकारीहरुलाई युवाक्लबको काम, कर्तव्य र अधिकार र गाउँ/नगर स्तरीय नमूना युवा संसदको गठन र अभ्यासका वारेमा अभिमुखीकरण गरिनेछ ।चालु आ.व. २०७६/०७७ लाई नेपाल सरकारले युवा परिचालन वर्षको रुपमा घोषणा गरेको हुनाले यो कार्यक्रमलाई पनि यसै अभियानको एक अंग मानेर युवाक्लब मार्फत आ-आफ्नो क्षेत्रमा विशेषतः परिषदले अघि सारेका १० वटा क्षेत्रहरुमा व्यापक युवा परिचालन गर्ने विधि र प्रक्रियाका सम्बन्धमा युवाक्लबका पदाधिकारी तथा सम्बन्धित सरकारी निकायका पदाधिकारीहरुलाई अभिमुखीकरण गरिनेछ । यसका लागि शुरुमा केन्द्रमा प्रमुख प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिनेछ र सोही प्रशिक्षकहरुबाट सातवटै प्रदेशमा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिनेछ । यस कार्यक्रमका लागि रु ३५ लाख रकम विनियोजन गरिएको छ ।

## ३. नमूना युवा संसद अभ्यास

यो कार्यक्रम विशेषतः युवाको नेतृत्व क्षमता विकासका ल्याइएको कार्यक्रम हो । आजका युवा भोलिका देशका कर्णधार मात्र नभई वर्तमानका साझेदार समेत भएकोले उनीहरुलाई देशको संविधान, कानून, संसदीय प्रक्रिया र अभ्याससंग परिचित गराउँदै देश र जनतासंग सरोकार राख्ने विषयमा जवाफदेही र उत्तरदायी बनाई व्यापक रुपमा युवा परिचालन गर्ने लक्ष्यका साथ यो कार्यक्रम विगत तीन वर्ष देखि परिषदले सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रमको मूल आधार भनेको स्थानीय तहको प्रत्येक वडामा गठन हुने युवाक्लबहरु हुन् । युवाक्लब गठन तथा नमूना युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिम युवाक्लबबाट छनौट भई आएका युवाहरु सम्मिलित गाउँ/नगर स्तरको नमूना युवा संसदको अभ्यास हुनेछ । त्यसैगरी गाउँ/नगर स्तरमा गठित युवाक्लब सञ्जालबाट छनौट भई आएका तथा खुला प्रतिस्पर्धाका आधारमा अनलाइन फारामको आधारमा छनौट भएका युवाहरु सम्मिलित प्रदेशस्तरको नमूना युवा संसद सञ्चालन हुनेछ । त्यस्तै प्रत्येक प्रदेशस्तरमा गठित युवाक्लब सञ्जालबाट छनौट भई आएका युवा तथा अनलाइन फारामको आधारमा खुला समूहबाट समेत छनौट भएका युवाहरु सम्मिलित संघीय तहको नमूना युवा संसदको अभ्यास हुनेछ । यसबाट युवाको नेतृत्व क्षमता विकासका साथसाथै उनीहरुको प्रतिभा प्रस्फुटन, आत्मविश्वास जागृत गराउनुका साथै आत्मानुशासन, राष्ट्रियता र सम्बन्धित विषयको विशेषज्ञताका लागि पूर्व तयारी गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । यो कार्यक्रम तोकिएका युवाक्लब गठन भएका स्थानीय तह तथा स्वतःस्फुर्त ढंगले कार्यविधि बमोजिम युवाक्लब गठन भएका अन्य स्थानीय तहका युवाक्लबहरुका प्रतिनिधिहरु सहभागी हुनेछन् । यस कार्यक्रमका लागि रु. ४८ लाख विनियोजन गरिएको छ ।

## ४. युवा सूचना केन्द्र सञ्चालन र व्यवस्थापन

युवासँग सम्बन्धित व्यवस्थित र आधिकारिक तथ्याङ्क एकीकृत र व्यवस्थित ढङ्गले सङ्कलन र व्यवस्थापन गरी हरेक योजना निर्माणका लागि विश्वसनीय आधार निर्माण गर्ने परिषदमा रहेको केन्द्रीय युवा सूचना केन्द्रलाई व्यवस्थित गरिनुका साथै इ-पुस्तकालय तथा वाचनालयको समेत व्यवस्था गरिनेछ । व्यवस्थित पुस्तकालयको माध्यमबाट युवा वर्गलाई फुर्सदको समयको सदुपयोग गर्दै युवामा पठन संस्कृतिको विकास गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । परिषदको केन्द्रीय कार्यालयमा रहेको व्यवस्थित सूचना केन्द्रबाट युवाले चाहेको बेला पठनीय सामग्री पुस्तकहरु पत्रपत्रिका पढ्न सक्ने तथा कम्प्युटरको सहायताले इ-लाइब्रेरीको सुविधा लिन सक्ने तथा लोक सेवा तयारी एवं आफ्ना कोर्षका सामग्रीहरु पनि अध्ययन गर्न सक्ने गरी स्रोतपूर्ण लाइब्रेरी तथा अन्य युवाका लागि आवश्यकीय सूचनाहरु राखिनेछन् । यो कार्यक्रमहरुबाट राष्ट्रिय युवा परिषद्लाई थप सूचनामूलक र प्रविधिमैत्री बनाउनुका साथै परिषदलाई समस्त युवाको आकर्षणको केन्द्र बनाउन सकिने विश्वास समेत लिइएको छ । यी कार्यक्रमहरुका लागि चालु आ.व.मा रु ५ लाख ७२ हजार विनियोजन गरिएको छ ।

## ५. युवा सम्बन्धी सामग्री प्रकाशन तथा प्रचार प्रसार (रेडियो टेलिभिजन कार्यक्रम बुलेटिन सूचना सामग्री उत्पादन प्रकाशन र वितरण)

यो कार्यक्रम यस परिषदबाट सञ्चालन हुने युवालक्षित कार्यक्रमहरुका वारेमा विशेषतः युवावर्ग तथा अन्य सरोकारवालाहरुलाई जानकारी दिने र यी कार्यक्रमहरुमा युवा वर्गलाई आकर्षित गर्न र अपनत्व लिने अनुकुल वातावरण निर्माण गर्नका लागि तयार गरिएको हो । यसमा विशेषतः पत्रकार अन्तरक्रिया (संघीय, प्रादेशिक तथा स्थानीय तहमा), रेडियो तथा टेलिभिजनबाट युवा सम्बन्धी जागरण गीत/जिङ्गल तथा विभिन्न छापा माध्यमबाट समेत युवाका कार्यक्रम एवं मुद्दाहरु तथा समसामयिक विषयवस्तुहरुलाई संप्रेषण गरी प्रचार प्रसार गर्ने तथा सम्बद्ध पक्षको ध्यानाकर्षण गराउने काम गरिनेछ । त्यसैगरी कुनै युवा सरोकारित कार्यक्रमसम्बन्धी

जागरणमूलक गीत, भिडियो, डकुमेन्ट्री निर्माण तथा प्रशारण समेत गर्न सकिनेछ । यस अन्तर्गत कुनै युवाका लागि जानकारीयुक्त पठनीय लेख रचना तथा समसामयिक विषयहरु समेटिएको पुस्तिका, बुलेटिन, ब्रोशियर, पोष्टर तथा पम्प्लेट निर्माण तथा वितरण एवं सूचनामूलक एप्लिकेशन समेत गर्न सकिनेछ । यसका लागि चालु आ.व.मा रु. २५ लाख बजेट विनियोजन गरिएको छ ।

## ६. युवा नवप्रवर्तन केन्द्र स्थापनाका लागि गुरुयोजना  निर्माण कार्यक्रम

युवाशक्तिलाई समय सापेक्ष, प्रविधि सहीतको ज्ञान, सीपबाट प्रतिष्पर्धी बनाउँदै मुलुक भित्रै रोजगारीको सिर्जना गरी देश विकासमा लगाउने अवस्थाको सिर्जना गर्न सम्बन्धीत पक्षलाई घचघच्याइ एकै थलोमा ल्याउनु राष्ट्रिय युवा परिषदको प्रमुख दायित्व हो । देशभरीका उत्साही युवा शक्तिको खोजी गरी उनीहरुलाई ज्ञान र सीप सहित रोजगारीमा लाग्नका लागि प्रेरित गर्न सरकारी तवरबाट प्रयास गर्नु जरुरी भएकोले देशमा युवा नवप्रवर्तन केन्द्रको महशुस गरिएको हो। पन्ध्रौं योजनाको आधारपत्रमा उल्लेखित प्रत्येक प्रदेशमा एक एक वटा  नवप्रवर्तन केन्द्र स्थापना गर्ने नीति अनुरुप यस कार्यका लागि परिषदले आ. व. २०७६/७७ देखी उद्यमशिलतालाई केन्द्र विन्दुमा राखेर युवा व्यवसायिक नवप्रवर्तन केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउने कार्यक्रमको तय गरेको छ । उच्च शिक्षा प्रदायक निकायहरुको सहकार्यमा सातै प्रदेशमा प्रदेश सरकार र परिषद्को समन्वयमा काम अगाडी वढाउने सोचका साथ यो कार्यक्रम ल्याईएको हो । परिषद्ले चालु आ.व.मा युवा नव प्रवर्तन केन्द्रको विस्तृत  गुरुयोजना तयार गर्न तथा पुर्वाधार तथा जग्गा प्राप्ती लगायतका कार्यका लागि रु  ५० लाख वजेट विनयोजन गरेको छ ।

## ७. युवा दिवस तथा महोत्सव

प्रत्येक वर्ष अगस्ट १२ का दिन अन्तर्राष्ट्रिय युवा दिवस मनाइने र सोही सन्दर्भमा युवा दिवसलाई महोत्सवका रूपमा मनाउने परम्पराको शुरुवात विगत वर्षबाटै शुरुवात

भएको छ ।आ.व.२०७५।७६ वाट डिसेम्वर ५ का दिन अन्तराष्ट्रिय स्वयम् सेवा दिवस मनाईने कार्यको शुरुवात भएको थियो । यो कार्यक्रम केन्द्रीय स्तर र जिल्ला स्तरमा विविध प्रकारका कार्यक्रमहरू आयोजना गरी मनाउने गरिन्छ । यस अवसरमा परिषदमा विभिन्न क्षेत्रका युवाको व्यापक सहभागितामा प्रभातफेरी, प्रवचन, झाँकीहरूको प्रदर्शन, रक्तदान, युवा सम्वाद, विविध मनोसञ्जनात्मक कार्यक्रम, युवा प्रतिभा सम्मान र युवा प्रतिभाको खोजी (youth talent hunt) कार्यक्रमको पुरस्कार वितरण मूल समारोह कार्यक्रम जस्ता युवामैत्री कार्यक्रम सञ्चालन गरिने छ । प्रदेश तथा स्थानीय स्तरमा स्तरमा भने विभिन्न सामाजिक सङ्घसंस्थाहरूसँगको सहकार्यमा केन्द्रमा सञ्चालन गरिने कार्यक्रमहरूमध्ये उपयुक्त कार्यक्रम चयन गरी युवा दिवस तथा महोत्सव कार्यक्रम सञ्चालन गरिने छ ।यस वर्ष सञ्चालन हुने अन्तराष्ट्रिय युवा वैज्ञानिक सम्मेलन तथा युथ एशिया प्यासिफिक समिट जस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलनका लागि रु ७८ लाख ४ हजार वजेट विनियोजन भएको छ ।

## ८. युवा परामर्श सेवा

राष्ट्रको मेरुदण्डको रूपमा रहेका १६ देखि ४० वर्षका करीव १ करोड ६ लाख (४०.३५ प्रतिशत) युवा शक्तिलाई सशक्तीकरण गर्दै क्षमता, सिप र प्रविधिबाट सुसज्जित गरी राष्ट्रिय युवा परिषद् ऐन २०७२, राष्ट्रिय युवा नीति २०७२ तथा युथ भिजन २०२५ को मर्म र भावनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र युवालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने मूल उद्देश्यका साथ विभिन्न सामाजिक विकृति तथा राष्ट्रिय समस्यालाई परामर्शका माध्यमबाट युवाको बीचमा पुर्याई त्यसलाई न्युनीकरण गर्दै लैजानु मुलूकको प्रमुख आवश्यकता ठानेर युवा परिषदले परामर्श सेवा उपलब्ध गराउने कार्यक्रम रहेको छ । आज नेपालमा कुल १ लाख ३० हजार युवा लागूऔषधको चङ्गुलमा फँसेको, यसमा ७ प्रतिशत महिला वर्ग पनि रहको र यसको वार्षिक वृद्धिदर ११.६६ प्रतिशत रहेको तथ्याङ्कीय आँकडा देखिन्छ । यही वस्तुतथ्यलाई मध्यनजर गर्दै यस परिषद्ले गत विगत देखि नै युवाका लागि परामर्श सेवा सञ्चालन गरिरहेको छ । चालू आर्थिक वर्षमा ३६०० जना युवालाई परामर्श

सेवा प्रदान गरिनेछ । यो कार्यक्रम युवाहरूको मागको आधारमा केन्द्र , प्रदेश तथा स्थानीय तहको सहकार्यमा समेत सञ्चालन गरिनेछ । यसका लागि रु ३० लाख २४ हजार वजेट विनियोजन भएको छ ।

## ९. युवाका लागि विज्ञान तथा प्रविधि प्रवर्द्धन कार्यक्रम

वैज्ञानिक खोज, अध्ययन, सर्वेक्षण तथा अनुसन्धान कार्यप्रति युवालाई प्रोत्साहित गर्न, उक्त कार्यको प्रभावकारिता सम्बन्धमा प्रचारप्रसार गर्नका लागि यो कार्यक्रमको व्यवस्था भएको हो । आर्थिक वर्ष २०७४/०७५ प्रथम विज्ञान, सूचना तथा प्रविधि सम्मेलन सम्पन्न तथा गत आ.व.मा प्रदेश नं. १ तरीय विज्ञान तथा प्रविधि सम्मेलन विराटनगरमा सफलता पुर्वक सम्पन्न भएको थियो ।यसै गरी ३२ जना युवा अनुसन्धान कर्ताहरुलाई अनुसन्धान सहयोग कार्यक्रम विद्यालय स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनी सञ्चालन भएको थियो । चालू आर्थिक वर्षमा पनि युवा वैज्ञानिक सम्मेलन, वैज्ञानिक कार्यको प्रदर्शनी, वैज्ञानिक खोज तथा अनुसन्धान कार्यमा सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि रु. २४ लाख वजेट विनियोजन भएको छ ।

## १०.उपराष्ट्रपति युवा पुनर्स्थापना कार्यक्रम

विभिन्न कारणले राष्ट्रिय जीवनको मूलधार एवं घर, परिवार र समाजबाट विस्थापित हुनुपरेका युवाको उचित पुनर्स्थापनामा सहयोग पुर्याउने, त्यस्ता युवालाई उद्यमशिलता र रोजगारीका अवसर प्राप्त गर्न सहयोग गर्ने विभिन्न कारणले विस्थापित युवालाई पुनर्स्थापना गर्ने कार्यक्रममा सहयोग गर्ने मुख्य उद्देश्यका साथ यो कार्यक्रम ल्याइएको छ । यो कार्यक्रम सञ्चालन व्यवस्थापनको लागि कार्यविधि बनिसकेको यो स्वीकृत कार्यविधि बमोजिम निसहाय: तथा सडकबाट उद्धार गरिएका युवाहरूको औषधोपचार, भरणपोषण, परिवारमा पुनर्स्थापना, सिपमूलक तालिम र स्वरोजगारका लागि अन्य सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ । चालु आ व २०७६।७७ मा १०० जना युवाहरुलाई यस प्रकारको सहयोग प्रदान गर्ने कार्यक्रम रहेको छ।

## ११. अपाङ्ग युवाका लागि सहयोग कार्यक्रम

अन्य सङ्घसंस्थाहरूबाट सहयोग नपाएका विपन्न वर्गका १६ देखि ४० वर्षसम्मका अपाङ्ग युवालाई उनीहरूको दैनिक जीवनलाई सहज बनाउन सहयोग पुग्ने खालका सामग्रीहरू वितरण गरी सहयोग गर्न यो कार्यक्रम गत विगत वर्षबाटै सञ्चालन हुँदै आएको छ । चालू आर्थिक वर्षमा गतविगतको प्रक्रियालाई समसामयिक परिमार्जन गरेर अन्यत्रबाट सुविधा नपाएका देशभरका १०० जना युवाका लागि शारीरिक अपाङ्ग, सुस्तश्रवण तथा दृष्टिविहीन युवालाई परिषद्को सिफारिशमा सहयोग सामग्री उपलब्ध गराउने गरी राष्ट्रिय अपाङ्ग कोषसँग सहकार्य गरी यो कार्यक्रम सञ्चालन गरिने छ ।यसका लागि रु २० लाख वजेट विनियोजन भएको छ ।

## १२.युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

यो कार्यक्रमको सञ्चालनबाट युवा प्रतिभा तथा उद्यमीको खोजी गरी प्रोत्साहन गर्न सार्वजनिक सूचना प्रकाशन गरी युवा प्रतिभा तथा उद्यमीहरूबाट निवेदन आह्वान गर्ने साथै प्रतिस्पर्धा समेत गराउन सकिनेछ ।जिल्ला स्तरको प्रतिस्पर्धाबाट छनौट भएका/सङ्कलित आवेदन अनुसारको कार्यको सिफारिस सहित प्रदेश स्तरमा प्रतिस्पर्धामा गराउने साथै प्रदेश स्तरमा छनौट भएका हरुका लागि केन्द्रिय स्तरको प्रतिस्पर्धा मार्फत प्रतिभाहरूलाई पुरस्कृत गरिनेछ । यो कार्यक्रम विगतका आर्थिक वर्षहरूदेखि नै परिषद्ले सञ्चालन गर्दै आएको कार्यक्रम हो । यस आर्थिक वर्षमा पनि केन्द्र प्रदेश तथा स्थानीय तहमा यो कार्यक्रम गरिनेछ । यसका लागि रु २४ लाख वजेट विनियोजन भएको छ ।

## १३. वार्षिक कार्यक्रम अभिमुखीकरण तथा समीक्षा कार्यक्रम

परिषद्का कमर्चारी, जिल्ला युवा समितिको अध्यक्षहरु, राष्ट्रिय युवा परिषदका सदस्यहरु प्रदेश,स्थानीय तहमा कार्यरत कर्मचारी, पदाधिकारीहरू तथा सरोकारवालाको सहभागितामा चालु आर्थिक वर्ष २०७६/०७७ को चौमासिक तथा वार्षिक कार्यक्रम तथा बजेटका सन्दर्भमा अभिमुखीकरण तथा समिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

## १४.युवा उद्यम कार्यक्रम

आ.व. २०७३/७४ मा राष्ट्रिय युवा परिषद्को मूल कार्यक्रम नै युवा उद्यम कार्यक्रम हो । २४० संसदीय निर्वाचन क्षेत्रमा १/१ वटा युवा उद्यम कार्यक्रम सञ्चालनको निम्ति निर्देशिका निर्माण भई कार्यान्वयनमा गई सकेको अवस्था छ । प्रत्येक निर्वाचन क्षेत्रमा स्थानीय स्तरमा पाइने स्रोत साधन प्रयोग गरी सञ्चालन हुन सक्ने उद्यमहरू पहिचान गरी युवालाई स्थानीय ब्यवसाय तथा उद्यमतर्फ आकर्षित गरी स्वरोजगार बनाउने र देशलाई आत्मनिर्भरतर्फ उन्मुख गराउनु मुख्य उद्देश्य राखी यो कार्यक्रम ल्याईएको हो । आ.व. २०७४/०७५ मा परिवर्तित संसदीय निर्वाचन क्षेत्र १६५ निर्धारण भए बमोजिम युवा उद्यम कार्यक्रम पनि १६५ वटा संसदीय निर्वाचन क्षेत्रका १/१ वटा वडामा गत आ.व. को स्थान र समूह नदोहोरिने गरी जिल्ला युवा समितिको कार्यालय मार्फत कार्यक्रम सञ्चालन भएको र प्रत्येक युवा उद्यमीसमूहलाई बढीमा रु. ५ लाख का दरले रकम उपलव्ध गराइएको थियो ।आ.व. २०७६/०७७ का लागि युवा उद्यमका लागि रु १ लाख मात्र रकम विनियोजन भएता पनि आ.व. २०७३/०७४ को युवा उद्यम समूहको किस्ताबन्दीमा रकम फिर्ता गर्ने प्रावधान अनुसार रकम फिर्ता गरेपछि परिषदको कार्यकारी समितिको निरणय अनुसार प्रत्येक युवा उद्यमी समूहलाई बढीमा रु. ५ लाखका दरले रकम उपलब्ध गराइने छ ।

## १५.सहुलियतपुर्ण कर्जाको सहजिकरणका लागि उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम (७ दिने)

राष्ट्रिय युवा परिषदले युवालाई देश भित्रै स्वरोजगारका अवसरहरु सिर्जना गर्ने क्षेत्रमा विविध कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।सीपमूलक तालिम कार्यक्रम सहुलियतपुर्ण कर्जा ऋण सुविधा उपलव्ध गराई युवालाई उत्पादनमूलक सेवामूलक कार्यमा युवालाई आकर्षित गर्न व्यावसायिक ज्ञान, वित्तिय साक्षरता र उद्यमशिलता सम्वन्धी जानकारी दिन आ .व.२०७५।७६मा उद्यमशिलता र वित्तिय तालिम प्याकेज तयार गरी सोही प्याकेजका आधारमा युवा उद्यमी सञ्जाल, रिटर्नी माईग्रेन्ट नेपाल लगागतका सस्थाहरुको सिफारिश गरेका युवा तथा तालिम माग गरेका युवा

समूहलाई केन्द्र प्रदेश तथा स्थानीय स्तरमा यस प्रकारको ७ दिने तालिम सञ्चालन गरिनेछ ।

## १६. युवा अनुभव आदान प्रदान कार्यक्रम

युवालाई देशको भौगोलिक, सांस्कृतिक तथा पर्यटकीय अवस्थाप्रति परिचित गराउनुका साथै युवाले सञ्चालन गरेका स्वरोजगार तथा रोजगार सिर्जना गरेका उद्यम, व्यवसायहरूको अवलोकन भ्रमण गराई युवालाई उद्यमशीलता तर्फ उन्मुख गराउने गरी यो कार्यक्रम सञ्चालन गरिनेछ । साथै अवलोकन भ्रमणका लागि युवा उद्यमी, युवा परिषद् सदस्य, परिषदका कार्यकारी तथा पत्रकारहरूलाई भ्रमण टोलिमा छनौट गरिने छ।टोलिमा संलग्न युवाहरूलाई खासगरी राष्ट्रिय स्तरमा पुरस्कृत युवा उद्यमीहरूले सञ्चालन गरेका उद्यम तथा ब्यवसायहरूको अवलोकन गराई त्यसबाट सिकेका कुराहरू प्रचार प्रसार एवं आफू स्वयंलाई उद्यमीको रूपमा रूपान्तरण गर्न थप प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ ।

## १७. राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम

युवा महिलाहरूलाई उद्यमी बनाउन यो कार्यक्रम ल्याइएको छ । मानव विकास सूचकाङ्कमा पछि परेका जिल्लाका युवा महिलाहरूलाई सशक्तीकरण गरी विकासको मूलधारमा समावेस गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ । आ.व. २०७४/०७५ मा राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम ११ जिल्लामा सञ्चालन भएको थियो भने चालु आ.व. २०७६/०७७ मा रु. १ लाख मात्र विनियोजन भएको अवस्थामा उक्त रकमबाट निर्देशिका परिमार्जन, बैठक, अनुगमन आदि कार्यमा खर्च गरिनेछ ।

## १८. युवा परिषद्सँग आवद्ध संघ संस्थाहरुसँगको साझेदारी कार्यक्रम

राष्ट्रिय युवा परिषद्सँग आवद्ध भएका युवा लक्षित काम गर्ने सङ्घसंस्थाहरूको सहकार्यको परम्परा बसाल्न यो साझेदारी कार्यक्रमको व्यवस्था भएको छ । युवा लक्षित कार्यक्रम सञ्चालन गर्न ईच्छुक तथा सङ्घसंस्थाहरूले आफूले सञ्चालन गर्न चाहेको युवा लक्षित कार्यक्रमको विस्तृत विवरण सहितको प्रस्ताव यस परिषदमा पेश गर्नुपर्नेछ। प्रस्तावको औचित्य र उपयुक्तताको आधारमा सङ्घसंस्थाबाट प्रस्ताव मात्र

छनोट तथा सम्झौता गरी कार्यक्रम सञ्चालन गरिने छ । यो कार्यक्रममा राष्ट्रिय युवा परिषद्ले सीडमनिको रूपमा केही रकम प्रदान गर्नेछ । साझेदार निकायले साझेदारी गर्ने स्पष्ट (स्रोत साधन सहितको) योजना समेत पेश गर्नु पर्ने छ ।

## १९. युवा सञ्जाल गठन र परिचालन

यो कार्यक्रम विशेषतः युवा तथा खेलकुद मन्त्रालयवाट पुरस्कृत एवं सम्मानित भएका युवा प्रतिभाहरु तथा उद्यमीहरू, राष्ट्रिय युवा परिषद् बाट सम्मानित एवं पुरस्कृत युवा प्रतिभा तथा उद्यमीहरूको योगदानलाई कदर र पहिचान गरी उद्यशीलताका क्षेत्रमा युवालाई थप सक्रिय बनाउन पुरस्कृत युवा प्रतिभा एवं उद्यमी सञ्जाल निर्माण गरिएको छ ।यसै गरी विदेश वाट पर्केर आएका हरुको सञ्जाल,विज्ञान तथा प्रविधिका क्षेत्रका खोज अनुसन्धान गरिरहेका युवाहरुको सञ्जाल लगायतका परिषद्को पहलमा युवा प्रतिभा तथा उद्यमीहरूको योग्यता, क्षमता, अनुभव र विषयविज्ञतालाई परिषद र अन्तर्गतका निकायहरूले सञ्चालन गर्ने निर्मित सञ्जालहरु मार्फत विभिन्न कार्यक्रमहरूमा स्रोतव्यक्ति (resource person) को रूपमा समेत प्रयोग गर्ने उद्देश्य समेत यो कार्यक्रमको रहेको छ । यो कार्यक्रम सोही राष्ट्रिय सञ्जालको कार्यविधिलाई व्यवस्थित गर्ने सञ्जालका सदस्यहरूको विवरण अद्यावधिक गर्ने र थप सञ्जालहरु गठन गर्ने , विभिन्न अभियान तथा स्वंयम सेवकीय कार्यमा ती सञ्जालहरु मार्फत युवा परिचालन गर्ने जस्ता क्रियाकलापहरु यस कार्यक्रम अन्तर्गत समावेश हुनेछन्।

## २०. युवा मैत्री स्थानीय तह विकास तथा प्रोत्साहन अभिमुखीकरण कार्यक्रम

युवासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने युथ भिजन २०२५ले अगाडी सारेका ५ वटा स्तम्भहरु गुणस्तरीय र व्यावसायिक शिक्षा रोजगारी उद्यमशिलता र सीप विकास स्वास्थ्य र सामाजिक सुरक्षा युवा परिचालन सहभागिता र नेतृत्व विकास खेलकुद तथा मनोरञ्जनमा आधारित भएर परिषदले तयार गरेको युवा मैत्री स्थानीय तह दिग्दर्शनमा उल्लिखित युवा मैत्री पालिकाका सूचकहरुका आधारमा सूचना प्रकाशन, कार्यविधि तयारी तथा मुल्याङ्कन कार्यक्रम प्रोत्साहन वितरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

## २१.युवा मैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम

युवासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने युथ भिजन २०२५ले अगाडी सारेका ५ वटा स्तम्भहरु गुणस्तरीय र व्यावसायिक शिक्षा रोजगारी उद्यमशिलता र सीप विकास स्वास्थ्य र सामाजिक सुरक्षा युवा परिचालन सहभागिता र नेतृत्व विकास खेलकुद तथा मनोरञ्जन मा आधारित भएर परिषदले तयार गरेको युवा मैत्री स्थानीय तह दिग्दर्शनमा उल्लिखित युवा मैत्री पालिकाका सूचकहरुका आधारमा प्रत्येक प्रदेशमा उत्कृष्ट भएका १ /१ वटा पालिकाहरुलाई प्रोत्साहन पुरस्कार प्रदान गरिने छ ।

## २२. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

परिषद् र अन्तर्गतका कार्यालयहरूले सञ्चालन गरेका कार्यक्रमहरूको क्रियान्वयनको अवस्था पत्ता लगाई आवश्यकताका आधारमा सुधार गर्नका लागि योजना तथा अनुगमन साधन निर्माण गरी अनुगमन गर्न यो कार्यक्रम व्यस्था भएको हो । अनुगमनका आधारमा आर्थिक वर्षको अन्त्यमा समष्ठिगत प्रतिवेदन समेत तयार पारिने छ । यो कार्यक्रम परिषद्ले गत आर्थिक वर्षदेखि नै निरन्तर रूपमा सञ्चालन गरेको कार्यक्रम हो ।

## २३. युवासँग प्रधानमन्त्री कार्यक्रम

युवा र प्रधानमन्त्री बीच युवाका सवालमा प्रत्यक्ष सम्वाद र अन्तरक्रियाको अवसर सृजना गर्नु र युवाका सरोकार र सवालहरु सरकार प्रमुखलाई जानकारी गराउने उद्देश्यका साथ यो कार्यक्रम राखिएको छ। सरकार प्रमुखसँग युथ भिजन २०२५ ले परिकल्पना गरेका ५ वटा स्तम्भहरू तथा युवा कार्यक्रमहरू सम्वन्धित भएर छलफल अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने गरी यो कार्यक्रम तय गरिएको हो ।

**निबन्ध**

# शिक्षामा रुपान्तरणः उद्यमशिलता र नवप्रवर्तन

(टाइप गर्न बाँकी)

# युवा नवाप्रवर्तन केन्द्र

**डा. बाबुराम ढुङ्गाना**

## पृष्ठभूमी

वर्तमान नेपाललाई प्राप्त अवसर,यसको विशिष्ट भौगोलिक अवस्था र प्राकृतिक स्रोत साधनको प्रचुरता मात्र नभई युवा जनशक्तिको यथोचित उपलब्धता पनि हो । वि सं २०६८ को जनगणनालाई आधार मानेर हेर्ने हो भने नेपालमा युवाशक्ति (१६ देखि ४० वर्षको जनसंख्या) कुल जनसङ्ख्याको ४० प्रतिशत भन्दा वढी रहेको पाइन्छ । युवावस्था सिर्जनशील र उत्पादनशील उमेर हो । ठूलो संख्यामा रहेको यो जनसंख्यालाई समयमै पूर्ण विकास हुन दिइ सिर्जनशील काममा लगाउने हो भने देशको विकासले तिव्रता पाउने सुनिश्चित छ । नेपालमा घटिरहेको जनसङ्ख्या बृद्धिदर र बढिरहेको मानिसको औषत आयुलाई विश्लेषण गर्ने हो भने अबको एक दशक पछाडि हामीसँग भएको युवा जनशक्तिको जनसङ्ख्या घट्ने र वृद्धवृद्धाको सङ्ख्या बढ्न जाने अवस्था देखिन्छ । युवालाई अधिकतम रुपमा सिर्जनशीलता, उत्पादन र उद्यमशीलतासँग जोड्न नसक्दा हामीलाई प्राप्त यो अवसर पनि गुम्न सक्ने संभावना त्यतिकै छ ।

स्वदेशमा कामको न्यून अवसर र नेपाली अभ्यासमा शिक्षासँग श्रमको कमजोर सम्बन्धका कारण हाम्रा युवाहरु खाडी स्थित अरब मुलुक (वहराइन, कुवेत, ओमन, कतार, साउदी अरेविया र संयुक्त अरब ईमीरेटस),इजरायल लगायतका मध्यपूर्वका राष्ट्रहरु, एशियाली मुलुकहरु (भारत, मलेशिया, जापान, कोरिया), युरोप, अमेरिका, क्यानडा र अष्ट्रेलीया लगायतका मुलुकका श्रम बजारमा जीवन बिताइ रहेका छन् ।नेपाल समग्र विकासका सूचकहरुमा पछाडी पर्नाको मुख्य कारणहरु हामीले हामीसँग भएको मानव स्रोत खाशगरी उर्जाशील युवाशक्तिलाई चिन्न,राष्ट्रनिर्माणमा परिचालन गर्न रउनीहरुमा भएको तागतको सदुपयोग गर्न नसक्नु हो ।

मुलुकको विकास मुलुकवासीबाट मात्र संभव छ । हाम्रा होनहार युवालाई मुलुकमै बसी काममा लाग्न प्रेरणा दिलाउने प्रयास भयो भने मात्र हाम्रो देशको विकास आसातित दिसा र गतिमा अघि बढ्न सक्छ । पन्ध्रौं योजनाले परिकल्पना गरेको **समृद्ध नेपाल, सुखी**

**नेपाली**को नारालाई साकार पार्न यिनै युवाको सार्वाङ्गिण विकास गरी राष्ट्र निर्माणको मूलधारमा समावेस गराउनु पर्ने हुन्छ ।प्रविधिले सुसज्जित, सान्दर्भिकतायुक्त शिक्षाले दिक्षीत, दक्ष, कुसल, लक्ष्यप्रति प्रतिवद्ध र चरित्रवान युवाले मात्र व्यक्ति र राष्ट्रको विकास गर्न सक्छन् ।यसका लागि राज्यले उचित वातावरण उपलव्ध गराउनु पर्दछ । युवामा भएको अन्तर्निहीत प्रतिभाको प्रस्फुटन हुने अवसरका लागि परिवार, समाज, शिक्षण सँस्थाका अलावा योजनावद्ध र उद्देश्यमूलकरुपमा स्थापना गरिएका युवा विकास स्थलहरुको संयुक्त प्रयासको ठूलो भूमिका हुन्छ ।यस सन्दर्भमा विश्वका विभिन्न मुलुकहरुले युवा शक्ति भित्र रहेको संभावनालाई उजागर गरी उनिहरुमा रहेको सिर्जनशिलतालाई निर्वाधरुपमा प्रस्फुटन गराउनेवातावरण उपलब्ध गराउने विशिष्ट उद्देश्यले सुसज्जित एउटा संगठित प्रयास स्वरुप **युवा नवप्रवर्तनकेन्द्र**को स्थापना गरेको पाइन्छ ।हाम्रा छिमेकी मुलुक चिन र भारतमा पनि यस्ता केन्द्रमार्फत युवाले आफ्नो प्रतिभाको विकास गरी राष्ट्र निर्माणमा ठूलो योगदान दिएको देखिन्छ ।

नेपालमा राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ ले युवाको सीप, नेतृत्व विकास, उधमशीलतामार्फत राष्ट्रको समग्र जीवनमा सकारात्मक योगदान पुऱ्याउने सङ्कल्प लिएको छ । राष्ट्रिय युवा नीति र युथ भिजनले लिएका उद्देश्यहरु पूरा गर्ने क्रममा संरचनागतरुपमा राष्ट्रिय युवा परिष्द्को समन्वयमा युवा विकास र सिर्जनशीलताको केन्द्रका रुपमा **वहुआयामिक युवा नवप्रवर्तन केन्द्र**को स्थापना र प्रभावकारी सञ्चालनको जरुरत पर्दछ ।युवा विकास एउटा अन्तरसम्बन्धित मुद्दा भएकोले यसको क्षेत्र व्यापक छ । पछिल्ला दिनमा विकास भएको सूचना तथा सञ्चार प्रविधि, विज्ञान प्रविधिसमेतको क्षेत्रलाई समेट्दै आफ्नो मौलिक ज्ञानलाई परिमार्जन गरी मुलुकको हितमा प्रयोग गर्नका लागि यो केन्द्र युवाको सर्वाङ्गिण विकासको केन्द्र हुनु जरुरी छ ।

पन्ध्रौं योजनाको आधारपत्रमा देशका सातवटै प्रदेशमा युवा नवप्रवर्तन केन्द्रको स्थापना र सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ । साथै राष्ट्रिय योजना आयोगबाट मन्त्रालय मार्फत माग भए बमोजिम रुपान्तरणकारी आयोजना (Game Changer Project) को रुपमा समेत यो कार्यक्रम प्रस्ताव गरिएको छ ।आर्थिक वर्ष २०७६।०७७ मा केन्द्र स्तरमा युवा नवप्रवर्तनात्मक केन्द्र स्थापनाका लागि गुरुयोजना बनाउने कार्यक्रम रहेको छ भने प्रदेश नं. १ मा युवा नवप्रवर्तन केन्द्र सञ्चालनका लागि सुरुवाती बजेटको व्यवस्था गरिएको छ । बाँकी ६ वटा प्रदेशमा आ-आफ्ना स्रोतबाट युवा नवप्रवर्तन केन्द्रको स्थापनाको

अभिमुखीकरणको कार्यक्रम राखिएको छ। केन्द्र स्तरमा स्थापना गरिने बहुआयामिक युवा नवप्रवर्तन केन्द्रले प्रदेश सरकारको अगुवाइमा सबै प्रदेशमा स्थापना हुने युवा नवप्रवर्तन केन्द्रको नमूना प्रदर्शन गर्ने छ।

राष्ट्रिय युवा परिषद्को अगुवाइमा केन्द्र स्तरमा युवा नवप्रवर्तन केन्द्र स्थापना गर्नका लागि काभ्रेपलाञ्चोक जिल्ला स्थित पाँचखाल नगरपालिकाको वडा नं. ७ मा नेपाल सरकारको नाममा रहेको ११३ रोपनी जमिन सम्बन्धितविभिन्न निकायहरुको सहमतिमा पाँचखाल नगरपालिको नगर कार्यपालिकाले राष्ट्रिय युवा परिषद्लाई उपलब्ध गराउने गरी निर्णय गरेको छ । यसै सन्दर्भमा केन्द्रिय युवा नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालनका लागि उक्त जग्गा नेपाल सरकारबाट राष्ट्रिय युवा परिषद्को नाममा श्रेस्ता कायम गर्ने निर्णयका लागि प्रक्रिया प्रारम्भ भएको छ।

**युवा नवप्रवर्तन केन्द्रको उद्देश्य**

- युवालाईसिर्जनात्मक गतिविधिमा जोड्ने।
- विभिन्न आयामसँग गाँसिएका नवप्रवर्तनात्मक प्रविधि प्रवर्धन गर्ने।
- विज्ञानका विभिन्न क्षेत्रहरुमा बैज्ञानिक अन्वेषण र अनुसन्धान गर्ने।
- आविश्कार गरिएका वस्तुहरुको व्यावसायिकीकरण र बजारीकरण गर्ने।
- युवा विकास र रोजगारसँग सम्बन्धित तथ्याङ्क बैंक स्थापना गर्ने।
- उद्यमशीलताका माध्यमबाट रोजगारका अवसरहरुको सिर्जना गर्ने।
- सरकार, वित्तीय संस्था र उद्यमी बीचमा समन्वय गर्ने।
- राज्यले युवा विकासमा अवलम्बन गरेको नीति, ज्ञान र अभ्यासका बीच सेतु स्थापना गर्नका लागि राज्य, शैक्षिक संस्था र व्यावसायी बीच सहसम्बन्ध स्थापना गर्ने।
- युवा प्रतिभा र क्षमताको सशक्तीकरण गर्दै उद्यममा नवप्रवर्तनको उपयोग गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्टी तथा सेमिनार गर्ने।
- देशव्यापी रुपमा विभिन्न प्रतिभा र क्षमता भएका युवाहरुको पहिचान गर्ने, प्रवर्तनात्मक कार्य गर्ने अवसर उपलब्ध गराउने, प्रतिस्पर्धा गराउने र पुरस्कृत गर्ने।
- युवाको शारिरीक तथा मानसिक विकासका लागि आवश्यक पर्ने भौतिक तथा प्राविधिक आधारतयार गर्ने।

- अपाङ्गता भएका युवा, सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक जस्ता विविध कारणले पछि परेका युवाको क्षमता विकास र सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने ।
- युवालाई आवश्यकता अनुसार विभिन्न विधामा परामर्श तथा मार्गदर्शन सेवा उपलब्ध गराउने ।
- विभिन्न क्षेत्रमा काम गर्ने युवाहरुको सञ्जाल स्थापना गर्ने, प्रोफाइल तयार गर्ने र समृद्ध नेपाल निर्माणका लागि आवश्यक पर्ने क्षेत्रमा युवा परिचालनमा सहयोग गर्ने ।

**यस केन्द्रमा देहायका सुविधाहरु समेत उपलब्ध हुनेछन् :**

१ युवाको जोश, जाँगर, ज्ञान, सीप र सिर्जनालाई समेटेर स्रोत साधनयुक्त प्रयोगशाला सहितको व्यावसायिक इन्क्युवेशन **(Business Incubation)** सेवा
२ सूचना प्रविधि सहितको बहुक्षेत्रीय पुस्तकालय
३ स्थानीय संस्कृती तथा स्थानीय ज्ञान र प्रविधिझल्किने संग्रहालय
४ खगोलशास्त्रीय प्रयोगशाला
५ नवप्रवर्तनात्मक कार्यका लागि आधुनिक प्रविधियुक्त प्रयोगशाला तथा भिडियो प्रदर्शन कक्ष
६ नवप्रवर्तनका लागि विभिन्न यन्त्र तथा उपकरण सम्बन्धी कार्यशाला
७ आधुनिक प्रविधि सहितको सेमिनार हल
८ वैज्ञानिक प्रयोगशाला
९ स्वचालित संग्रहालय (Animation museum)
१० सुन्दर फूलबारी तथा बगैंचा
११ कृषिको प्रयोगात्मक कार्यका लागि जमिन
१२ प्रशासनिक भवन
१३ चमेना गृह
१४ आवास गृह
१५ योग, ध्यान तथा तन्द्रुस्ती केन्द्र
१६ खेलकुद स्थल, व्यायमशाला तथा आवश्यक खेलकुदका समग्रीहरु
१७ बैकल्पिक उर्जाको स्रोतका रुपमा सौर्यउर्जाको प्रयोग गरिने
१८ युवा पर्यटकीय दृश्यावलोकन लगायतका भौतिक सामग्री सहितको स्टल

## नवप्रवर्तन केन्द्र सञ्चालन तथा व्यवस्थापन

केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि एक जना निर्देशकको नेतृत्वमा थोरै कर्मचारी सहितको चुस्त व्यवस्थापन समुह रहनेछ । यसको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक निर्देशन, परामर्श तथा सहयोगका लागि युवा तथा खेलकुद मन्त्रालय, युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय, राष्ट्रिय युवा परिषद्, स्थानीय तह तथा युवाका क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधि संलग्न एक स्टेरिङ समिति रहनेछ ।

## नवप्रवर्तन केन्द्रको सम्बन्ध

यस केन्द्रले आफ्नो गतिविधिलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि तल उल्लेखित संघ संस्था तथा निकायहरुसँग सम्बन्ध स्थपना गरी काम गर्नेछ । यसका अतिरिक्त अन्य संघ संस्था तथा निकायहरुसँग पनि सम्बन्ध विस्तार गर्दै लान सक्नेछ ।

१ युवा तथा खेलकुद मन्त्रालय
२ राष्ट्रिय युवा परिषद्
३ प्रदेश सरकार
४ स्थानीय तह
५ विश्वविद्यालय अनुदान आयोग
६ विभिन्न विश्वविद्यालयहरु र तिनका नवप्रवर्द्धन केन्द्र
७ वित्तीय कारोवार गर्ने संस्थाहरु
८ व्यापार व्यावसायिक संस्थाहरु
९ व्यापार व्यवसायसँग सम्बन्धित विद्यालय
१० युवा व्यावसायिक समुह
११ व्यापारिक केन्द्र
१२ नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान

## नवप्रवर्तन केन्द्रको कार्य

१ केन्द्र सञ्चालन गर्ने
२ सबै प्रदेशका नवप्रवर्तन केन्द्रहरुसँग समन्वय गर्ने र आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।
३ वित्तीय कारोवार गर्ने संस्थाहरुसँग सहकार्य गर्ने

४ युवालाई नवप्रवर्द्धनका क्षेत्रमा छात्रवृत्तिका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने

५ युवा लक्षित कार्यक्रम तर्जुमा गरी सरकार समक्ष पेश गर्ने

६ सरकारद्वारा निर्देशित युवा परिचालन तथा स्वयम्सेवामा युवाको परिचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने

७ विज्ञान, प्रविधि र व्यवसायको क्षेत्रमा नयाँ नयाँ विचारहरुको खोज तथा अनुसन्धान गर्ने र कार्यान्वयनका लागि प्रवोधीकरण गर्ने ।

८ युवासँग सम्बन्धित सूचनाहरुको युवामा सहज पहुँचको व्यवस्था गर्ने

९ युवाका लागि आवश्यक तालिमको प्रभावकारी व्यवस्थापन गर्ने

१० युवालाई उद्यम प्रवर्द्धनका लागि आवश्यक पर्ने वित्तीय स्रोत व्यवस्थापनमा सहयोग गर्ने

११ युवाद्वारा उत्पादित वस्तुहरुको बजारीकरणका लागि आवश्यक सहयोग गर्ने

१२ युवाहरुलाई समय समयमा आवश्यक पर्ने सल्लाह सुझाव दिनका लागि परामर्शदाताको व्यवस्था गर्ने ।

# युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५

**स्वीकृत मितिः २०७५/०६/०७**
**पहिलो संशोधन २०७६/०२/०७**
**दोस्रो संशोधन २०७६/०५/२६**

**प्रस्तावनाः** राष्ट्रिय युवा परिषद ऐन २०७२,राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजन २०२५ को मर्म र भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माणको आधारस्तम्भको रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासन सम्बन्धमा युवालाई सुसूचित र सशक्तीकरण गर्दै उनीहरुको सर्वाङ्गीण विकासका लागि युवामैत्री नीति, योजना, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न, युवालक्षीत उद्देश्य प्राप्तिका लागि राज्यलाई पृष्ठपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न, युवाका मुद्दाहरुको वहस पैरवी केन्द्रको रुपमा विकास गर्न, युवालाई सामाजिक दायित्व र कर्तव्य प्रति जिम्मेवार बनाउनका लागि स्थानीय तहका हरेक वडामा स्वयंसेवकीय सञ्जालको रुपमा युवाक्लब गठन तथा युवा संसदको नमूना अभ्यासका माध्यमबाट युवा परिचालन गर्ने उद्देश्यले नेपाल सरकारले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " युवा क्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि - २०७५" रहेको छ ।

(२) यो कार्यविधि राष्ट्रिय युवा परिषदले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "युवा क्लब" भन्नाले स्थानीय तहको प्रत्येक वडामा गठन भएको १६-२४ वर्ष उमेर समूहका युवा सदस्यहरु रहेका यसै कार्यविधि बमोजिम गठित युवा क्लबलाई सम्झनुपर्छ ।

(ख) "युवा संसद" भन्नाले १६ देखि २४ वर्ष सम्मका वडास्तरीय युवाक्लबका सदस्यहरु तथा तोकिएको निकायबाट छनौट भई आएका युवा प्रतिनिधिहरुबाट सञ्चालन हुने नमूना संसदीय अभ्यासका लागि गठन गरिने संसदलाई सम्झनुपर्छ ।

(ग) “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(घ) “परिषद्” भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(ङ) “युवा” भन्नाले राष्ट्रिय युवा परिषद ऐनले परिभाषित गरेको उमेर समूहको युवा सम्झनुपर्छ ।

(च) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषदको कार्यकारी समिति सम्झनुपर्छ ।

(छ) "उपाध्यक्ष" भन्नाले परिषद्को कार्यकारी उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "प्राथमिकताको समूहका युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम र पिछडिएको क्षेत्रका युवालाई सम्झनुपर्छ ।

(झ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक युवालाई सम्झनुपर्छ ।

(ञ) "द्वन्द्वपिडित युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम २०५२ सालदेखि २०६३ मंसीर ५ गतेसम्म नेपालमा भएको सशस्त्र द्वन्द्व र पछिल्ला समयका द्वन्द्वपिडित परिवारका युवालाई जनाउनेछ ।

(ट) "जोखिममा रहेका युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम एच.आई.भी.एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका,

लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ ।

(ठ) "अपाङ्गता" भएका युवा भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता, दृष्टिविहिन, वहिरा तथा फरक क्षमता राख्ने युवालाई सम्झनुपर्छ ।

(ड) "सीमान्तकृत" भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तरभन्दा न्युन स्थितिमा रहेका अति सिमान्तकृत र लोपोन्मुख समुदाय समेतका युवालाई सम्झनुपर्छ ।

(ढ) "अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनुपर्छ ।

(ण) "राष्ट्रपति" भन्नाले युवा संसदले निर्वाचित गरेको राष्ट्रपतिलाई सम्झनुपर्छ ।

(त) "संसदीय दलको नेता" भन्नाले युवा संसदमा हुने सत्तापक्षीय संसदीय दलको नेतालाई सम्झनुपर्छ ।

(थ) "सभापति" भन्नाले युवा संसदमा रहने विषयगत समितिका सभापतिलाई सम्झनुपर्छ ।

(द) "सभामुख" भन्नाले युवा संसदको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ध) "प्रधानमन्त्री" भन्नाले युवा संसदबाट निर्वाचित प्रधानमन्त्रीलाई सम्झनुपर्छ ।

(न) "प्रमुख प्रतिपक्षी दलका नेता" भन्नाले युवा संसदमा रहेको प्रमुख प्रतिपक्षी दलको नेतालाई सम्झनुपर्छ ।

(प) "संसदीय समिति" भन्नाले युवा संसद अन्तर्गत सरकार तथा सांसदले संसदमा पेश गरेका विभिन्न विधेयक तथा प्रस्तावहरु माथि छलफल तथा सुझाव दिन गठित सँसदको विषयगत समितिहरुलाई सम्झनुपर्छ ।

(फ) "महासचिव" भन्नाले युवा संसदको सभामुखको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त व्यक्तिलाई सम्झनुपर्छ ।

(ब) "सचिव" भन्नाले युवा संसदमा महासचिवको सिफारिसमा सभामुखबाट नियुक्त हुने व्यक्तिलाई सम्झनुपर्छ ।

(भ) "मन्त्री" भन्नाले युवा संसदले बनाएको युथभिजन २०२५ मा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरुसंग सम्बन्धित विभागीय मन्त्री लगायत अन्य मन्त्रीहरुलाई सम्झनुपर्छ ।

(य) "रुलिङ" भन्नाले युवा संसदका सभामुखले दिएको निर्देशनलाई सम्झनुपर्छ ।

(र) "नीति तथा कार्यक्रम" भन्नाले युवा संसदमा राष्ट्रपतिबाट युवा विकासका लागि प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(ल) "राष्ट्रिय युवा नीति" भन्नाले नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ सम्झनुपर्छ ।

(व) "युथभिजन" भन्नाले नेपाल सरकारले जारी गरेको युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना सम्झनुपर्छ ।

(स) "मर्यादा पालक" भन्नाले युवा संसदमा सुरक्षा व्यवस्थापनामा खटिएका कर्मचारीलाई सम्झनुपर्छ ।

(ष) "रोस्टम" भन्नाले युवा संसदका सदस्य तथा अन्य पदाधिकारीहरुले उभिएर बोल्ने वा संबोधन गर्ने स्थानलाई सम्झनुपर्छ ।

(स) "सदन" भन्नाले युवा संसद चलेको बैठकलाई सम्झनुपर्छ ।

(ह) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

राष्ट्रिय युवा परिषद

## परिच्छेद – २

## युवा क्लबको गठन प्रक्रिया, काम कर्तव्य र अधिकार

**३. युवाक्लबको गठन**

(१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवाक्लबका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडासमितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडासमितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ । युवाक्लबका साधारण सदस्य चौविस बर्ष उमेर पुरा भएपछि उक्त युवाक्लबको सदस्य रहनेछैन ।

(३) हरेक वडमा गठन हुने वडास्तरीय युवाक्लब कार्यसमितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

क. प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ख. विशेष प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ग. स्थानीय उद्यमी युवाहरु मध्येबाट एकजना

घ. युवा पत्रकारहरु मध्येबाट एकजना

ङ. स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च. स्थानीय कलाकारहरु मध्येबाट एकजना

छ. स्थानीय सहकारीमा आवद्ध युवाहरु मध्येबाट एकजना

ज. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एकजना

झ. वडा भित्रका मेधावी विद्यार्थीहरुमध्येवाट एकजना महिला सहित २ जना

ञ. वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना

(४) युवाक्लबका सदस्यहरुले अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आँफूहरु मध्येबाट छनौट गर्नेछन् । उपर्युक्तानुसारको वडाक्लबको कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(५) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

(७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

**४. युवाक्लबको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) स्थानीय तहसंग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

(ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, बालअधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति गाउँपालिका तथा

नगरपालिकासंगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षीत कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद वा प्रदेश युवा परिषद र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने ।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने

## परिच्छेद – ३

## युवा संसद गठनको उद्देश्य र निर्माण प्रक्रिया

**(५) युवा संसद गठनको उद्देश्य :**

क. युवाको नेतृत्व तथा क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवाको सीपविकास तथा व्यक्तित्व विकास मा सहयोग पुर्याउने

ग. नेपालको शासन प्रणाली र यसको विकास प्रक्रियाका वारेमा युवालाई सुसूचित गर्ने

घ. युवामैत्री राष्ट्रिय नीति, योजना र कार्यक्रम निर्माणका लागि राज्यलाई सुझाव दिई सकारात्मक वातावरण निर्माण गर्ने ।

ङ. युवालाई विषयगत दक्षता हासिल गरी सो क्षेत्रको नेतृत्व र पैरवी गर्न सक्षम बनाउने ।

च. प्राथमिकता प्राप्त युवालाई राज्यको मूल प्रवाहमा ल्याउने ।

छ. राज्यका तल्लो तह गाउँ तथा नगरलाई युवामैत्री बनाउने तथा दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने ।

ज. युवालाई अधिकार र कर्तव्य प्रति सजग गराउँदै राष्ट्रनिर्माणमा उत्प्रेरित गर्ने ।

झ. राष्ट्रिय युवा नीति तथा युथभिजनमा परिलक्षीत योजना र कार्यक्रमलाई साकार बनाई नेपाली युवाको सर्वतोमुखी विकासमा सहयोग पुर्याउने ।

**(६) नमूना युवा संसद निर्माण प्रक्रिया :**

(क) नमूना युवा संसदको अभ्यास प्रत्येक स्थानीय तह, प्रदेश तह र संघीय तहमा गर्न सकिनेछ ।

(ख) युवा संसदको आकार र प्रतिनिधित्व देहाय बमोजिम हुनेछ

**(१) स्थानीय तहको युवा संसद :**

क. प्रत्येक स्थानीय तहको वडामा गठन भएको वडाक्लबहरु मध्ये गाउँपालिकाका प्रत्येक वडाबाट तीन-तीन जनाका दरले र नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका प्रत्येक वडाबाट न्युनतम् एकजना महिला सहित दुई-दुई जनाका दरले सम्बन्धित वडाक्लब कार्यसमितिले छानी पठाएका वडाक्लबका सदस्यहरु रहेको गाउँ/नगर युवाक्लब सञ्जालका साधारण सदस्यहरु रहनेछन् । गाउँ/नगर युवाक्लब सञ्जालका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख. खण्ड (क) बमोजिमको युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट एघार सदस्सीय गाउँ/नगर स्तरीय युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित गाउँ/नगर युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

घ. खण्ड (क) बमोजिमका गाउँ/नगर युवाक्लब सञ्जालका साधारण सदस्यहरु सबै गाउँ/नगर युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त गाउँ/नगर युवा संसदमा गाउँपालिकाको हकमा बढीमा पाँच जना सम्म र नगरपालिका,उप-महानगरपालिका र महानगरपालिकाको हकमा बढीमा सात जनासम्म गाउँ/नगर युवा परिषदको सिफारिसमा गाउँ/नगरपालिकाले थप युवा प्रतिनिधि मनोनित गर्नेछ ।

च. स्थानीय युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा स्थानीय तहका सबै जनप्रतिनिधिहरु, सम्बन्धित वडाका संघीय सँसद सदस्य, प्रदेशसभा सदस्य, गाउँ/नगर युवा परिषदका पदाधिकारीहरु, कार्यालय प्रमुखहरु, विद्यालयका प्र.अ./प्राचार्यहरु, स्थानीय संघसंस्थाका प्रमुखहरु तथा युवा सँसदमा प्रतिनिधि हुने युवाका अभिभावकहरु रहनेछन् ।

**(२) प्रदेश युवा संसदः**

क. प्रत्येक गाउँनगर युवाक्लब सञ्जाल कार्यसमितिका सदस्यहरुले / आँफुहरुमध्येबाट छानी पठाएका न्यूनतम एक जना महिलासहित दुईजना युवा प्रतिनिधिहरु सम्मिलित प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्य हुनेछन् । प्रदेश युवाक्लब सञ्जालका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख. खण्ड (क)बमोजिमको प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट प्रदेश नमूना युवा संसदका प्रधानमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता सहित एघार सदस्सीय प्रदेश युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित प्रदेश युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

घ. खण्ड (क) बमोजिमका प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्यहरु सबै प्रदेश युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त प्रदेश युवा संसदमा प्रदेश युवा परिषदको सिफारिसमा प्रदेश स्थित सामाजिक विकास मन्त्रालयले मनोनित गरेका दुई जना र राष्ट्रिय युवा परिषदले सम्बन्धित प्रदेशबाट १६-२४ वर्ष उमेर समूहका इच्छुक युवाहरु मध्येबाट खुला प्रतिस्पर्धाका आधारमा छनौट गरेका आठजना युवाहरु प्रतिनिधि हुनेछन् ।

च. प्रदेश युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागी हुने व्यक्तित्वहरु मध्ये गाउँपालिका तथा नगरपालिकाका प्रमुखहरु, सम्बन्धित प्रदेश भित्रका प्रतिनिधिसभा एवं राष्ट्रिय सभाका सदस्यहरु, प्रदेशसभा सदस्यहरु, प्रदेश युवा परिषदका पदाधिकारीहरु, प्रदेश स्तरका कार्यालय प्रमुखहरु, प्रदेश युवा परिषदका पदाधिकारीहरु, विश्वविद्यालयका उपकुलपति/रेक्टर/रजिष्ट्रार लगायतका उच्चपदस्त पदाधिकारीहरु, प्रदेशस्तरीय मन्त्रालयका सचिवहरु र प्रदेश युवा सँसदमा प्रतिनिधि हुने युवाका अभिभावकहरु रहनेछन् ।

**(३) संघीय युवा संसदः**

१. संघीय तहमा प्रत्येक प्रदेश युवाक्लब सञ्जाल कार्यसमितिले उक्त सञ्जालका साधारण सदस्यहरु मध्येबाट गाउँ/नगर युवाक्लब सञ्जालबाट छनौट भई आएका न्यूनतम् पाँचजना प्रतिनिधि सहित छानी पठाएका सातजना युवा प्रतिनिधिहरु संघीय युवाक्लब सञ्जालका साधारण सदस्य हुनेछन् । संघीय युवा क्लब सञ्जालका सदस्यहरुको पदावधि दुईवर्षको हुनेछ ।

क. (१) संघीय नमूना युवा संसदमा १६-२४ वर्ष उमेर समूहका इच्छुक युवाहरुबाट खुला प्रतिस्पर्धाका आधारमा २१ जना छनौट हुनेछन् ।

ख. खण्ड (क) बमोजिमको संघीय युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट संघीय नमूना युवा संसदका प्रधानमन्त्री सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता सहित एघार सदस्सीय संघीय युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित प्रदेश युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

घ. खण्ड (क) बमोजिमका संघीय युवाक्लब सञ्जालका साधारण सदस्यहरु र खण्ड क(१) बमोजिमका युवाहरु सबै संघीय युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त संघीय युवा संसदमा राष्ट्रिय युवा परिषदले मनोनित गरेका थप दशजना युवा प्रतिनिधि समेत रहनेछन् ।

ङ. संघीय युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागी हुने व्यक्तित्वहरु मध्ये नेपाल सरकारका प्रधानमन्त्री, मन्त्रीगण, सभामुख, प्रतिनिधि सभा र राष्ट्रिय सभाका युवा सांसदहरु, नेपाल सरकारका सचिवहरु, राष्ट्रिय युवा परिषदका पदाधिकारीहरु, युथभिजन २०२५ निर्माण कार्यदलका सदस्यहरु, विश्वविद्यालयका उपकुलपतिहरु र संघीय युवा संसदका युवा प्रतिनिधिका अभिभावकहरु रहनेछन् ।

७. यस कार्यविधि बमोजिम सबै स्थानीय तहका सबै वडाहरुमा वडास्तरीय युवाक्लबहरु गठन नभएको अवस्थामा पनि युवा संसदको नमूना अभ्यास वडास्तरीय युवा क्लबहरु आँशिक वा पूर्ण रुपमा गठन भएका स्थानीय तहबाट मात्र प्रतिनिधित्व हुने गरी सञ्चालन गर्न बाधा पर्ने छैन ।

८. **युवाक्लब सञ्जालको काम, कर्तव्य र अधिकार** : गाउँ/नगर स्तर प्रदेश स्तर र संघीय स्तरमा गठन हुने युवाक्लब सञ्जालको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. स्थानीय युवाक्लबको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवालाई स्वयंसेवकीय कार्यमा लाग्न उत्प्रेरित गर्ने ।

ग. विपद व्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरितिका विरुद्ध युवा परिचालनका लागि सहजीकरण गर्ने ।

घ. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयनका लागि सहयोग गर्ने ।

ङ. युवामा सकारात्मक सोचको विकास, उद्यमशिलता र स्वरोजगारको भावना विकास गर्न सहयोग गर्ने ।

च. सम्बन्धित तह र क्षेत्र भित्रका युवाक्लब, सञ्जाल र सरकारहरु बीच समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।

छ. सम्बन्धित तहका युवा संसदको नमूना अभ्यासका लागि प्रतिनिधि छनौट तथा व्यवस्थापन गर्ने ।

ज. दिगो विकासका लक्ष्यको स्थानीयकरण गरी सम्बन्धित क्षेत्रमा कार्यान्वयनका लागि सहजीकरण गर्ने ।

झ. राष्ट्रिय युवा परिषदले तोकेका अन्य काम गर्ने ।

## परिच्छेद –४

## नमुना युवा संसदको अभ्यास

(९) **नमुना युवा संसदको अभ्यास गरिनेः** यस कार्यविधिको दफा ९ (१) (२) (३) बमोजिम गठित सम्बन्धित तहको युवा सँसदका प्रतिनिधिहरुका बीचमा संसदीय अभ्यास प्रत्येक वर्ष चार दिवसीय कार्यक्रमको रुपमा देहाय बमोजिम सञ्चालन गरिनेछ । उक्त चार दिन मध्ये शुरुका तीन दिन युवा प्रतिनिधिहरुलाई प्रशिक्षण र अभ्यास गराइनेछ भने अन्तिम दिन नमूना युवा संसदको औपचारिक प्रस्तुति हुनेछ ।

(क) संघीय युवा संसदमा सदनको औपचारिक कारवाही शुरु हुनुपूर्व उमेरको हिसाबले जेष्ठ युवा साँसद सदस्यले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको सपथ लिनेछन् र उनको अध्यक्षतामा सदनको बैठक बस्नेछ र उनले अन्य सबै सँसद सदस्यलाई पद तथा गोपनीयताको सपथ गराउनेछन् । कूल सँसद सदस्यहरु मध्येबाट एकजना राष्ट्रपति, एकजना उपराष्ट्रपति, एकजना सभामुख, एकजना उपसभामुख निर्वाचित हुनेछन् र यसको छनौट उपस्थित सदस्यसंख्याको बहुमतबाट हुनेछ । सभामुख र उपसभामुख मध्ये न्यूनतम् एकजना महिला युवा हुनुपर्नेछ । निर्वाचित सभामुखले राष्ट्रपति समक्ष र उपसभामुखले

राष्ट्रपतिको समुपस्थितिमा सभामुख समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्नेछ । सपथ ग्रहणको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(ख) कूल सदस्यसंख्याको ६० प्रतिशत सदस्य सत्तापक्षको रुपमा र बाँकी सदस्यहरु प्रतिपक्षी साँसदको रुपमा रहनेछन् । यसको विभाजन सँसदको सभामुखबाट भौगोलिक क्षेत्र, लैङ्गिक र समावेशी आधारमा गर्नेछन् । यसको आधारमा उनीहरुले सोही बमोजिमको भूमिका निभाउनु पर्नेछ ।

(ग) सत्तापक्षबाट नमूना मन्त्रीपरिषद गठन हुनेछ । यसमा प्रधानमन्त्री लगायत अर्थ तथा योजना मन्त्री, शिक्षा तथा प्रविधि मन्त्री, उद्योग तथा रोजगार मन्त्री, स्वास्थ्य तथा सामाजिक सुरक्षा मन्त्री, युवा तथा खेलकुद मन्त्री समेत युथभिजन २०२५ मा उल्लेखित युवा विकासका लागि पाँच आधारस्तम्भलाई समेटिएको मन्त्रिपरिषद रहनेछ । युवा प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र अन्य मन्त्रीले राष्ट्रपतिको समुपस्थितिमा प्रधानमन्त्री समक्ष पद तथा गोपनियताको सपथ लिनेछन् ।

(घ) प्रधानमन्त्रीबाट तयार भएको युवा विकास सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम राष्ट्रपतिले नमूना युवा संसदमा प्रस्तुत गर्नेछन् । यस नीति तथा कार्यक्रममा विशेषतः विगतमा युवा विकासको क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट भए गरेका कार्यहरुको समीक्षा तथा नयाँ आर्थिक वर्षका लागि प्रस्तावित युवालक्षीत योजना, कार्यक्रम, बजेट र अपेक्षित उपलबधीको विस्तृत विवरण समावेश भएको हुनेछ ।

(ङ) खण्ड (घ) बमोजिम राष्ट्रपतिबाट प्रस्तुत युवालक्षित नीति तथा कार्यक्रममाथि खुला छलफलका लागि सभामुख मार्फत रुलिङ् हुनेछ । यसका लागि संसदको अध्यक्षले युवा सांसदहरु बीच भएको खुला छलफल तथा सुझावहरु समेटेर युवा संसदको कारवाहीको

विस्तृत प्रतिवेदन तयार गर्नका लागि बहस नोट समिति गठन गर्नेछन् ।

(च) युवा सांसदमा नियुक्त वा मनोनित भई विभिन्न भूमिका निर्वाह गर्ने युवा साँसदहरुले नमूना युवा संसदीय अभ्यासको क्रममा पालना गर्नुपर्ने आचारसंहिता जस्तै सदनमा बोलिने भाषा, लगाउने पोशाक, प्रस्तुतीकरण शैली, समय, स्थान, सञ्चारका साधनहरु, सम्बोधनका प्रकृति, जिम्मेवारी बाँडफाँड लगायतका विषयमा संसद आँफैले निर्धारण गर्न सक्नेछ ।

(छ) साँसदहरुबाट छलफलको क्रममा उठेका प्रश्नका जवाफ दिन सभामुखले प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीलाई बोलाउनेछन् ।

(ज) नमूना युवा संसदको अभ्यास गर्नुपूर्व संसदका सदस्यहरुलाई संसदीय मामिलाका विज्ञहरुबाट आवश्यक अभिमुखीकरण तथा प्रशिक्षण सञ्चालन गर्न सकिनेछ । यस कार्यक्रमको संयोजन तथा व्यवस्थापन राष्ट्रिय युवा परिषदले गर्नेछ ।

(झ) माथि उल्लेख गरिएबमोजिमका संसदीय प्रक्रिया तथा क्रियाकलापहरु आवश्यकता र औचित्यका आधारमा गाउँ/नगर तथा प्रदेशस्तरमा सञ्चालन हुने नमूना युवा संसदमा पनि अभ्यास गर्न सकिनेछ ।

(१०) **युवा संसदमा छलफलको आधार** : दफा ११ को खण्ड (ङ) बमोजिम हुने छलफल विशेषतः नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२, युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना, नेपाल सरकारको युवा सम्बन्धित वार्षिक नीति तथा कार्यक्रम र बजेट एवं सोको कार्यान्वयनका लागि चालिएका प्रयत्नहरु तथा अन्य समसामयिक विकास सम्बन्धी विषयहरु माथि केन्द्रित रहेर सञ्चालन हुनेछन् ।

(११) **सम्बद्ध पदाधिकारीलाई आमन्त्रण गरिने :** युवा संसदमा भएका छलफल, युवाका माग एवं आगामी दिनमा युवा विकासका लागि चालिनुपर्ने कदमहरुका बारेमा युवा साँसदहरुसंग साक्षात्कर गरी ऐक्यबद्धता जनाउन र सम्बोधन गर्नका लागि संघीय युवा संसदको छलफल कार्यक्रममा प्रधानमन्त्री, राष्ट्रिय योजना आयोगका सदस्य (युवा तथा रोजगार क्षेत्र हेर्ने), युवा तथा रोजगार मन्त्री, संघीय प्रतिनिधिसभाका युवा साँसदहरु, राष्ट्रिय युवा परिषदका कार्यकारी उपाध्यक्ष, युथभिजन २०२५ निर्माण कार्यदलका संयोजक तथा युवा विकासका क्षेत्रमा क्रियाशील संघसंस्था तथा सञ्चारकर्मीहरुलाई आमन्त्रण गरिनेछ । त्यसैगरी प्रदेश युवा संसदमा प्रदेशका मुख्यमन्त्री विषयगत मन्त्रीहरु युवा साँसदहरु तथा युवासम्बद्ध निकायका पदाधिकारीहरुलाई आमन्त्रण गरिनेछ भने स्थानीय युवा संसदमा पनि स्थानीय गाउँ/नगर कार्यपालिकाका सदस्यहरु लगायत युवासम्बद्ध पदाधिकारीहरुलाई आमन्त्रण गरिनेछ ।

(१२) **प्रतिवेदन तयार गरिने :** युवा संसदको नमूना अभ्यास सम्पन्न भइसकेपछि युवा प्रतिनिधिहरुबाट प्राप्त नीतिगत र कार्यक्रमगत सुझावहरुलाई समेटेर युवा संसद निर्माण प्रक्रिया देखि संसदीय अभ्यास सम्पन्न हुँदासम्मका संपूर्ण क्रियाकलापहरु समावेश गरी विस्तृत प्रतिवेदन तयार गरिनेछ । यसरी संघीय युवा संसदीय अभ्यासको प्रतिवेदनलाई सुझावको रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, युवा सम्बद्ध मन्त्रालयहरु, राष्ट्रिय युवा परिषद र युवा सम्बद्ध संघसंस्थाहरुलाई एक-एक प्रति उपलब्ध गराउनु पर्नेछ ।त्यसैगरी प्रदेश तथा स्थानीय तहमा पनि सम्बन्धित तहका युवा सम्बद्ध निकाय तथा पदाधिकारीहरुलाई यो प्रतिवेदन उपलब्ध गराइनेछ । प्रतिवेदन पेश भइसकेपछि यसको विस्तृत अध्ययन गरी यसमा उल्लेखित रचनात्मक सुझावहरुलाई आत्मसात गरी राष्ट्रिय प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु सम्बन्धित निकायहरुको दायित्व हुनेछ ।

## परिच्छेद –५

## नमुना युवा संसद निर्देशक समिति

**(१३) नमुना युवा संसद निर्देशक समिति गठन हुने :** (१) यस कार्यविधि बमोजिम वार्षिक रुपमा सञ्चालन हुने युवा संसद गठन प्रक्रिया, प्रतिनिधि छनौट, अभ्यास तथा संघसंस्थाहरुसंग सहकार्य सम्बन्धी नीति निर्माण तथा कार्यक्रमगत समन्वय गर्न केन्द्रमा एक युवा संसद निर्देशक समिति रहनेछ । उक्त समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

अध्यक्ष - कार्यकारी उपाध्यक्ष, राष्ट्रिय युवा परिषद

सदस्य - सहसचिव (युवा विकास महाशाखा) युवा तथा खेलकुद मन्त्रालय

सदस्य - प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद

सदस्य - राष्ट्रिय युवा परिषद सदस्यहरु मध्येबाट एकजना महिला पर्ने गरी दुईजना

सदस्य - संघीय युवाक्लब सञ्जालका सदस्यहरु मध्येबाट कार्यकारी समिततिबाट मनोनित एकजना महिला सहित दुईजना प्रतिनिधि

सदस्य - कार्यकारी समितिले तोकेको युवा सम्बद्ध गैरसरकारी संस्थाका प्रतिनिधि दुईजना

सदस्य-सचिव - सम्बन्धित कार्यक्रम हेर्ने शाखा प्रमुख

**(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क. नमूना युवा संसदको नीति तथा मापदण्ड निर्धारण गर्ने ।

ख. वडास्तरीय युवा क्लब तथा युवा सम्बद्ध सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने ।

ग. नमूना युवा संसदका लागि स्रोत व्यवस्थापन गर्ने ।

घ. नमूना युवा संसदीय अभ्यासको अनुगमन एवं सहजीकरण गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

ङ. अन्य आवश्यक कार्य गर्ने ।

(३) निर्देशक तथा अनुगमन समितिको बैठक तथा निर्णय प्रक्रिया सम्बन्धी काम कारवाही समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**(१४) प्रदेश नमुना युवा संसद निर्देशक समिति :**

(क) प्रदेश स्तरमा सञ्चालन हुने प्रदेश नमुना युवा संसदका गतिविधिको समन्वय सहजीकरण तथा आवश्यक मार्गनिर्देशनका लागि प्रत्येक प्रदेशमा एउटा प्रदेश नमुना युवा संसद निर्देशक समिति रहनेछ । उक्त समितिको काम काम प्रदेश युवा परिषदले गर्नेछ । प्रदेश युवा परिषद गठन नभएसम्मका लागि सो सम्बन्धी कार्य प्रदेश सामाजिक विकास मन्त्रालयले गर्नेछ । यसका लागि राष्ट्रिय युवा परिषदले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(ख) खण्ड (क) बमोजिम गठित प्रदेश युवा संसद निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सम्बन्धित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(१५) वडा युवाक्लब तथा नमुना युवा संसदका गतिविधि तथा कार्यक्रमहरुको अनुगमन तथा सहजीकरण स्थानीय स्तरमा गाउँ/नगर युवा परिषदले गर्नेछ । गाउँ/नगर युवा परिषद गठन नभएसम्मका लागि सो सम्बन्धी कार्य गाउँ/नगरपालिकाले तोकेको एकाइले गर्नेछ।

## परिच्छेद ६
## विविध

(१६) सहकार्य गर्न सक्ने : युवा संसदको निर्माणका लागि स्थानीय तहमा वडास्तरीय क्लबहरुको निर्माण, त्यसको क्षमता अभिवृद्धि, युवाक्लबको स्रोत व्यवस्थापन तथा नमूना युवा संसदको अभ्यास गरी युवाको नेतृत्व विकास तथा परिचालन गर्नका लागि परिषदले सम्बद्ध सरकारी तथा युवा सम्बद्ध गैरसरकारी निकाय तथा संघसंस्थाहरुसंग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(१७) **स्रोत व्यवस्थापन गर्न सक्ने** : युवाक्लब गठन परिचालन तथा नमूना युवा संसदको अभ्यासका लागि संघीय प्रादेशिक र स्थानीय सरकारले आ-आफ्नो निकायमा रहेको मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

(१८) **सबैले सहयोग गर्नुपर्ने** : यस कार्यविधिमा उल्लेख भएका काम, कर्तव्य र अधिकारका साथै वडास्तरीय युवाक्लब गठन तथा परिचालन, गाउँ/नगर, प्रदेश तथा संघीय युवा संसदको नमूना अभ्यासका लागि सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

(क) स्थानीय, प्रदेश र संघीय तहको नमूना युवा संसदको अभ्यासका लागि सम्बन्धित तहमा एकपटक प्रतिनिधि भई काम गरेको युवा पुनः सोही तहको लागि प्रतिनिधि बन्न सक्नेछैन ।

(१९) **कार्यविधिको संशोधन** : परिषदको सिफारिसमा मन्त्रालयले यस कार्यविधिको परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(२०) **बाधा अड्काउ फुकाउने** : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आइपरेमा परिषदको सिफारिसमा मन्त्रालयले कुनै निर्देशन तथा आदेश जारी गरी आवश्यक वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १
## पद तथा गोपनीयताको सपथको ढाँचा
## (दफा ११ (क) र (ग) संग सम्बन्धित)

म ..................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि, नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै नेपालको राष्ट्रपति/प्रधानमन्त्री/मन्त्री/युवा संसदको सभामुख/उपसभामुख/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह र खराब भावना नलिई, पदीय गोपनियता कायम राखी इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आँफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

दस्तखतः ............................

नामथरः ..............................

मितिः .................................

राष्ट्रिय युवा परिषद

# सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ का विशेषताहरु

नेपाल सरकारले युवाको शैक्षिक योग्यता तथा तालिम अभिवृद्धि, सीप विकास, उदयमशिलता र स्वरोजगारका लागि विभिन्न क्षेत्रमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराई रोजगारी अभिवृद्धिका लागि सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी गरेको छ । यसले विशेषतः उद्यम गरी स्वरोजगार बन्न चाहने युवाका लागि मार्गप्रशस्त गरेको छ । यस सहुलियतपूर्ण कर्जाका क्षेत्रहरू यसप्रकार छन् :

१. व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा ५ करोड सम्म ।

२. शिक्षित युवा स्वरोजगार कर्जा ७ लाख रुपैया सम्म ।

३. विदेशबाट फर्केका युवा परियोजना कर्जा १० लाख रुपैंया सम्म ।

४. महिला उद्यमशील कर्जा १५ लाख रुपैयाँ सम्म ।

५. दलित समुदाय व्यवसाय विकास कर्जा १० लाख रुपैया सम्म ।

६. उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा ५ लाख रुपैंया सम्म ।

७. भूकम्प पिडितको निजी आवास निर्माण कर्जा ३ लाख रुपैंया सम्म ।

माथि उल्लेखित सहुलियतपूर्ण कर्जामा पाँच प्रतिशत व्याज अनुदान (महिला उद्यमशिल कर्जका हकमा छ प्रतिशत ब्याज अनुदानको व्यवस्था) तथा हरेक उद्यम तथा व्यवसायको विमाको व्यवस्था गरिने कुरा उल्लेख गरिएको छ । बिमा गर्दा लाग्ने शुल्क मध्ये पचहत्तर प्रतिशत प्रिमियम पनि राज्यले नै व्यहोर्ने व्यवस्था रहेको छ । यसरी नेपाल सरकारबाट जारी यस कार्यविधिमा उद्यमशील बन्न चाहने युवाका लागि धेरै अवसरहरू रहेका छन् । यो कार्यविधिको कार्यान्वयन प्रारम्भ भैसकेको छ । नेपाल राष्ट्रबैंकले तोकेको क, ख, ग र घ वर्गका सबै बैंक तथा वित्तीय संस्थाहरूबाट पनि यो सहुलियतपूर्ण कर्जा लिन सकिनेछ । यसको अन्य प्रक्रियाका बारेमा जानकारी लिन तथा यस कार्यविधि हेर्न वा डाउनलोड गर्नका लागि अर्थ मन्त्रालयको वेवसाइट www.mof.gov.np वा नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np वा राष्ट्रिय युवा परिषदको वेवसाइट www.nyc.gov.np मा लगअन गरी हेर्न सक्नुहुनेछ ।

# राष्ट्रिय युवा परिषदको अनुरोधः

- राष्ट्रिय युवा परिषदबाट सञ्चालित "युवा सञ्चार रेडियो कार्यक्रम" प्रत्येक आइतवार विहान ७:२५ देखि ७:४५ बजेसम्म रेडियो नेपालबाट प्रशारण भैरहेको छ । युवाका लागि प्रेरणादायी प्रसंग, युवा प्रतिभा तथा उद्यमीका सफलताका कथा र युवामैत्री सन्देशहरूका साथ प्रशारण भैरहेकोले यसलाई नियमित सुन्ने गरौं र यस कार्यक्रमको सुधारका लागि रचनात्मक सुझाव दिन हामी सम्पूर्ण पाठक युवालाई हार्दिक अनुरोध गर्दछौं । यसका लागि yuwasanchar@gmail.com आफ्नो प्रतिक्रिया पठाउन वा परिषदको इमेल ठेगाना info@nyc.gov.np मा मेल पठाएर वा कार्यालयमा सोझै आएर पनि सुझाव दिन सक्नुहुनेछ ।युवा सञ्चार रेडियो कार्यक्रम प्रशारण गर्ने सामुदायिक रेडियोहरुको नामावली यसप्रकार रहेको छ :

## कार्यक्रम युवा सञ्चार प्रशारण गर्ने सामुदायिक रेडियोहरु

| क्र.सं | रेडियोको नाम र ठेगाना | प्रदेश | प्रशारण समय (वार र समय) | मेघाहर्ज |
|---|---|---|---|---|
| सामुदायिक सूचना नेटवर्क सि आइ एन | | ३ | बुधवार विहान ६:३० | |
| १ | इलाम एफ.एम, इलाम | १ | बुधवार विहान ६:३० | ९३.० |
| २ | उन्नती एफ एम भोजपुर | १ | बुधवार विहान ७:३० | ९२.९ |
| ३ | रेडियो तमोर ताप्लेजुङ | १ | बुधवार विहान ७:०० | १०२.० |
| ४ | रेडियो जनकपुर धनुषा | २ | बुधवार विहान ७:३० | ९७.० |
| ५ | रेडियो मधेश जनआवाज रौतहट | २ | बुधवार विहान ६:३० | ९८.६ |
| ६ | रेडियो सिमरा वारा | २ | बुधवार विहान ६:३० | ९१.२ |
| ७ | रेडियो धादिङ धादिङ | ३ | बुधवार विहान ७:३० | १०६.० |
| ८ | रेडियो नबोबुद्ध काभ्रे | ३ | बुधवार विहान ६:३० | १०६.७ |
| ९ | रेडियो सिन्धुलीगढी | ३ | बुधवार विहान ६:३० | ९२.० |
| १० | विजय.एफ.एम,नवलपरासी गैडाकोट | ४ | शुक्रवारविहान ८:०० | १०१.६ |

| | | | | |
|---|---|---|---|---|
| ११ | दिदीबहिनी एफ.एम. पर्वत | ४ | बुधवार विहान ६:३० | ९५.२ |
| १२ | गोर्खाली एफ एम पोखरा | ४ | बुधवार विहान ६:३० | १०६.० |
| १३ | परासी एफ. एम. नवलपरासी | ५ | बुधवार विहान ६:३० | ९०.२ |
| १४ | रेडियो पश्चिमाञ्चल दाङ | ५ | विहिवारविहान ७:३० | ९१.४ |
| १५ | प्रतिवोध एफ एम बाँके | ५ | बुधवार विहान ७:३० | १०२.३ |
| १६ | त्रिपुरा एफ.एम. डोल्पा | ६ | बुधवार विहान ७:३० | ८९.६ |
| १७ | रेडियो कर्णाली जुम्ला | ६ | बुधवार विहान ६:३० | १०५.२/९८.६ |
| १८ | जागरण एफ एम सुर्खेत | ६ | बुधवार विहान ७:३० | ९०.८ |
| १९ | युनिटी एफ एम डडेलधुरा | ७ | बुधवार विहान ६:३० | ९२.१ |
| २० | रेडियो बाजुरा बाजुरा | ७ | बुधवार विहान ६:३० | १०४.०/८९.३ |
| २१ | टिकापुर एफ एम कैलाली | ७ | विहिवार विहान ८:२० | १०१.० |

- युवा तथा खेलकुद मन्त्रालयबाट निर्माण गरिएको युवा सरोकार नामक टेलिभिजन कार्यक्रम नेपाल टेलिभिजनबाट हरेक हफ्ता शनिवार विहान ८:२५ बजे प्रशारण भैरहेको छ । यसलाई नियमित हेर्ने गरौं र आवश्यक सुझावका लागि मन्त्रालयको इमेल info@moys.gov.np मा पठाउन वा युवा तथा खेलकुद मन्त्रालयमा सोझै आएर प नि सुझाव दिन सक्नुहुनेछ ।

राष्ट्रिय युवा परिषद्

# सूचनाको स्वतःस्फुर्त प्रकाशन

सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ बमोजिम हरेक सार्वजनिक निकायले आँफूसंग सम्बन्धित सूचना तथा विवरणहरूलाई हरेक नागरिकको जानकारीका लागि प्रत्येक तीन-तीन महिनामा तोकिएको ढाँचामा प्रकाशन र सार्वजनिकीकरण गरी आफ्ना काम कारवाहीलाई पारदर्शी र जवाफदेही बनाउनुका साथै सूचना प्राप्त गर्ने हरेक नागरिकको हकको सम्मान गर्नुपर्ने रा ष्ट्रिय सूचना आयोगको निर्देशनलाई समेत मनन गरी यस परिषदले पनि हरेक तीन-तीन महिनामा सूचनाको स्वतःस्फुर्त प्रकाशन (Proactive Disclosure of Information) गर्दै आइरहेको छ । सूचना आयोगद्वारा निर्धारित Procative Disclosure of Information System-PDMS मा उल्लेखित ढाँचामा प्रकाशित उक्त सूचना तथा जानकारी प्राप्त गर्नका लागि राष्ट्रिय सूचना आयोगको वेवसाइट **www.nic.gov.np** तथा यस परिषदको वेवसाइट **www.nyc.gov.np** मा हेर्नुहुन सम्पूर्ण सरोकारवाला महानुभावहरूलाई अनुरोध छ । पछिल्लो पटक यस परिषदको स्वतःस्फुर्त प्रकाशन २०७६ कार्तिक १५ गते अपलोड एवं सार्वजनिक गरिएको छ । यस सूचना प्राप्त गर्ने तथा सोको वारेमा सम्बद्ध पक्षलाई सुसूचित गराउने दायित्व निर्वाह गर्ने कार्यमा सहयोग पुऱ्याउन हामी समस्त युवावर्गमा हार्दिक अनुरोध गर्दछौं । जय युवा ..... ।

**"समृद्ध नेपालका लागि स्वस्थ कर्मठ र उद्यमी युवा"**